महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

हरिवन नगरपालिका

सर्लाही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योँट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५०७

मितिः २०७९।३।२१

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
हरिवन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सर्लाही।

कैफियत सहितको राय

हामीले हरिवन नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू. ४ करोड १८ लाख ६८ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया साथ प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजू मध्ये असुल गर्नुपर्ने रू. १ करोड ६६ लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९३ लाख २६ हजार, नियमित गर्नुपर्ने रू. ३७ लाख ७६ हजार र पेश्की रू. २१ लाख ३५ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष रू. १५ करोड ९२ लाख ४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट रु.४ करोड २९ लाख १० हजार फछ्र्यौट भई ११ करोड ६२ लाख ५४ हजार रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू. १५ करोड ८१ लाख ६२ रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

हरिवन नगरपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६७	५२	४१८६८	०	०	०	६७	५२	४१८६८	१६६३१	३७७६	१९३२६	०	०	२३१०२	२१३५

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सर्लाही	१५९२०४	०	४२९१०	११६२९४	०	४१८६८	१५८१६२

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : हरिवन नगरपालिका, सर्लाही , हरिबन नगरपालिका , सर्लाही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	खरुदेव चुडाल	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	प्रतिक कार्की	२०७७-४-१	
		बेरुजु रकम	४१,८६८,४२५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१८,३९,९७,७४६.९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४५,८०,१६,०००	**चालु खर्च**	३४,०६,३२,५६६.१५
प्रदेश सरकारबाट अनुदान	२,०३,२८,०००	**पूँजीगत खर्च**	३८,१६,००,३१२.५५
राजश्व बाँडफाँट	१०,३४,५०,३५०.०८	**वित्तीय/अन्य व्यवस्था**	१८,७८,५०,७३३
आन्तरिक आय	१,६७,८७,९८४.२२		
अन्य आय	२५,७५,३५,२९४.४७		
कुल आय	८५,६१,१७,६२८.७७	**कुल खर्च**	९१,००,८३,६११.७
बाँकी मौज्दात		१३,००,३१,७१८.९२	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखा तथा स्रेस्ताको तथ्य एवं सत्यताको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छनः- **परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस हरिवन नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । यस हरिवन नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, ८६.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा ५१ हजार ३ सय ३३ जनसंख्या रहेको छ । **संवैधानिक र कानूनी व्यवस्था:** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकिय अधिकार नगर सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हनु उल्लेख छ । सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दैआएको छ ।	
२			**एकिकृत आर्थिक विवरण:** **स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम हरिवन नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७/७८ को संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः-	

एकिकृत आय-व्यय विवरण, आर्थिक वर्ष २०७७/०७८

आयतर्फ				**व्ययतर्फ**			
सि.नं.	**विवरण**	**रकम**	**जम्मा रकम**	**सि.नं.**	**विवरण**	**रकम**	**जम्मा रकम**
१	गत वर्षको जिम्मेवारी		183997746.85	१	चालु खर्च		154513106.59
	ख) बैक (अनुसुची १ अनुसार)	159402052.72			क) संघिय वित्तिय समानिकरण अनुदान	7721998.04	
	ग) धरौटी बैक	14059738.69			ख) प्रदेश वित्तिय समानिकरण अनुदान	309750.00	
	घ) प्रकोप व्यवस्थापन कोष	1017112.49			ग) राजस्व बाँडफाँड	76757001.17	
	ङ) विविध खर्च खाता	9504810.00			घ) आन्तरिक श्रोत	69724357.38	
	च) विविध कोष खाता - कर्मचारी कल्याण कोष खाता	14032.95		२	पुँजीगत खर्च		282041056.11

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			२	संघिय वित्तिय हस्तान्तरण		458016000.00		क) संघिय वित्तिय समानिकरण अनुदान	53760398.15		
				क) वित्तिय समानिकरण अनुदान	135900000.00			ख) प्रदेश वित्तिय समानिकरण अनुदान	1006547.00		
				ख) सशर्त अनुदान	311116000.00			ग) राजस्व बाँडफाँड	21419464.40		
				ग) विशेष अनुदान	11000000.00			घ) आन्तरिक श्रोत	149873871.56		
			३	प्रदेश सरकारबाट प्राप्त अनुदान		20328000.00		ङ) नगर विकास कोष नगद ऋण	55980775.00		
				क) वित्तिय समानिकरण अनुदान	7328000.00		३	सशर्त अनुदान खर्च		285678716.00	
				ख) सशर्त अनुदान	8000000.00			क) संघिय सशर्त अनुदान	262737539.93		
				ग) विशेष अनुदान	3000000.00			ख) संघिय विशेष अनुदान	10389719.69		
				घ) समपूरक अनुदान	2000000.00			घ) प्रदेश सशर्त अनुदान	7991013.60		
			४	विषयगत निकासा रकम		158771050.51		ङ) प्रदेश विशेष अनुदान	2564108.36		
				क) सामाजिक सुरक्षा तथा संरक्षण	140408570.28			च) प्रदेश समपूरक अनुदान	1996334.42		
				ख) स्थानीय पुर्वाधार	8362480.23		४	विषयगत निकायको खर्च		158771050.51	
				ग) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	10000000.00			क) सामाजिक सुरक्षा तथा संरक्षण	140408570.28		
			५	आन्तरिक आय		176257157.30		ख) स्थानीय पुर्वाधार	8362480.23		
				क) आन्तरिक राजस्व	16787984.22			ग) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	10000000.00		
				ख) संघिय राजस्व बाँडफाँड	94917671.08		५	धरौटी फिर्ता	5531306.00	5531306.00	
				ग) प्रदेश राजश्व बाडफाड	8532679.00		६	स्थानीय तह प्रकोप व्यवस्थापन कोष	5692526.10	5692526.10	
				घ) नगर विकास कोष नगद ऋण	56018823.00		७	विविध खर्च खाता		17855850.39	
			६	धरौटी प्राप्ती	17309181.96	17309181.96		क) सडक बोर्ड नेपाल	3745204.74		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

७	स्थानीय तह प्रकोप व्यवस्थापन कोष	6515365.00	6515365.00		ख) औधोगिक ग्रामको पुर्वाधार विकास	13468765.65	
८	विविध खर्च खाता		18920829.00		ग) पिएलजिएसपि	441880.00	
	क) सडक बोर्ड नेपाल	7578949.00			घ) कोभिड विमा दावी	200000.00	
	ख) औधोगिक ग्रामको पुर्वाधार विकास	9200000.00		८	बाँकी मौज्दात(श्रेस्ता अनुसार)		130031718.92
	ग) शिक्षक सूचना प्रविधि संचालन कोष	1500000.00			क) स्थानीय संचित कोष	91970331.32	
	घ) पिएलजिएसपि - विविध खर्च खाता	441880.00			ख) प्रकोप व्यवस्थापन कोष	1839951.39	
	ङ) कोभिड विमा दावी	200000.00			ग) विविध खर्च खाता	10269788.61	
					घ) विविध कोष खाता - कर्मचारी कल्याण कोष खाता	114032.95	
					ङ) धरौटी बाँकी	25837614.65	
जम्मा			**1040115330.62**	**जम्मा**			**1040115330.62**

मौज्दातको विवरण: यस हरिवन नगरपालिकाको गत वर्षको मौज्दात र यस वर्ष बाँकी रहेको मौज्दातको विवरण निम्नानुसार रहेको छ:-

गत वर्षको मौज्दात अल्या अनुसुची-१				**यस वर्षको मौज्दात बाँकी अनुसुची-२**			
सि.नं.	शिर्षक नम्बर	बैंकको नाम	मौज्दात रकम	सि.नं.	शिर्षक नम्बर	श्रेस्ता अनुसार बाँकी रकम	बैक अनुसार बाँकी रकम
१	संचित कोष	नेपाल बैंक लिमिटेड	159,402,052.72	१	संचित कोष खाता	47,601,387.02	47445900.72
२	कर्मचारी कल्याण कोष	नेपाल बैंक लिमिटेड	14,032.95	२	चालु÷ पुँजीगत खर्च खाता	44,368,944.30	44994258.99
३	विविध खर्च खाता	नेपाल बैंक लिमिटेड	9,504,810.00	२	विविध खर्च खाता	10,269,788.61	10269788.61
४	विपद व्यवस्थापन कोष खाता	नेपाल बैंक लिमिटेड	1,017,112.49	३	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	1,839,951.39	1849951.39
५	धरौटी खाता	नेपाल बैंक लिमिटेड	14,059,738.69	४	स्थानीय तह विविध कोष खाता	114,032.95	114032.95
जम्मा			**183,997,746.85**	५	धरौटी खाता	25,837,614.65	25837614.65

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

				६	आन्तरिक राजश्व खाता		95656.44
				जम्मा		**130,031,718.92**	**130607203.75**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३			**लेखापरीक्षणको क्रममा असुली:** लेखापरीक्षणको क्रममा देहाय अनुसार रु. ११२८७२३१.८१ असुल भई दाखिला भएको छः	

क्र.सं.	विवरण	रकम
१	पारिश्रमिक कर बापतको रकम गोपाल श्रेष्ठबाट दाखिला	४१८२.५३
२	पारिश्रमिक कर बापतको रकम रामबाबु चौधरीबाट दाखिला	१४९९.
३	शशर्त अनुदानको बाँकी फिर्ता	९०८५३६२.२८
४	सामाजिक सुरक्षा कार्यक्रमको बाँकी रकम फिर्ता	१६२०४१३
५	जनजागृति माध्यमिक विद्यालयबाट रु.३,९९,३०० र चतुर्भुजेश्वर जनता मा.वि. बाट रु. १,७६,४७५ दिवा खाजा बापतको रकम फिर्ता दाखिला	५७५७७५
जम्मा		**११२८७२३१.८१**

४

आन्तरिक नियन्त्रण प्रणाली:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण मौज्दात सम्वन्धमा यकिन गर्न सकिएन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको समयमा नगरी वर्षको अन्तमा मात्र गरेको र सम्पूर्ण विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्दैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन् । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । • ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • उपभोक्ता समितिबाट भएको काममा लागत सहभागिता नदेखिएको । • रनिङ्ग विलको भुक्तानी गर्दा नापी किताव राख्ने नगरेको । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)(२) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । • वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन । • कार्यालयको स्वीकृत दरबन्दीअनुसार जनशक्ति व्यवस्थापनका लागि सम्बन्धीत निकायमा समन्वय गर्नु पर्दछ। • कार्यालयको कार्य प्रकृति अनुसार सार्वजनिक निकायको प्रमुखले मातहतका कर्मचारीहरुलाई कार्यविवरण/कार्यादिश दिई समयमै कार्यसम्पादनमा जोड दिनु पर्दछ । • सवारी साधन मर्मत सम्भार तथा संरक्षणका लागि म.ले.प. फारम नं. ४१४ को प्रयोग कार्यान्वियन नल्याएको। • चालु खर्चबाट पूँजीगत खर्च हुने प्रकृतिका खर्च र पूँजीगत खर्चबाट चालु खर्च हुने प्रकृतका खर्च गरेको । • सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फारम नं. ५०० अन्तरगतका फारमहरुको प्रयोग गर्नुपर्नेमा नगरेको। • कुनै पनि योजना तथा कार्यक्रमको अन्तिम भुक्तानी दिनु भन्दा अघि सो सम्बन्धमा सार्वजनिक लेखा परिक्षण अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो नगरेको । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५			**बैक हिसाब मिलान नगरेकोः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन । जसको कारण निम्नानुसार मौज्दातमा फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक बाँकी	फरक
१	संचित कोष खाता ग-४-१	४७६०१३८७.०२	४७४४५९००.७२	-१५५४८६.३
२	आन्तरिक राजश्व खाता ग-१-१	०	९५६५६.४४	९५६५६.४४
३	चालु खर्च खाता ग-२-१ जोर	२७२२८०९९.४३	२७५५७०७०.४३	३२८९७१
४	पूँजीगत खर्च खाता ग-२-३ जोर	१७१४०८४४.८७	१७४३७१८८.५६	२९६३४३.६९
५	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता ग-७-२	१८३९९५१.३९	१८४९९५१.३९	१००००
जम्मा		**१३००३१७१८.९**	**१३०६०७२०३.८**	**५७५४८४.८३**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**चौमासिक पूँजीगत खर्च:** पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यन्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत तर्फ प्रथम चौमासिकमा १५.३७ प्रतिशत, दोश्रो चौमासिकमा २९.६९ प्रतिशत र तेश्रो चौमासिकमा ५४.९४ प्रतिशत खर्च गरेको र आषाढ महिनामा मात्र कुल खर्चको ३५.९४ प्रतिशत खर्च गरेको छ । तेस्रो चौमासिकमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा पर्ने असर समेतलाई ध्यान दिई अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

सि.नं.	खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	नगरपालिका पूँजीगत	२८२०४१०५६	५९६१०४५९	११०७२६७३६	१११७०३८६०	५४५७१८९३
२	संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	९४९९८८१३	०	४४६८२१२	९०५३०६०१	७३९३२७६२
३	प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	२५६४१०८	०	०	२५६४१०८	२५६४१०८
४	स्थानीय पूर्वाधार विकास कार्यक्रम	८३६२४८०	०	०	८३६२४८०	८३६२४८०
जम्मा खर्च		**३८७९६६४५७**	**५९६१०४५९**	**११५१९४९४८**	**२१३१६१०४९**	**१३९४३१२४३**
खर्च प्रतिशत		**१००**	**१५.३७**	**२९.६९**	**५४.९४**	**३५.९४**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**क्षेत्रगत बजेट र खर्च:** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । <table><tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक बजेट</th><th>खर्च रकम</th><th>कुल खर्च प्रतिशत</th><th>क्षेत्रगत खर्च प्रतिशत</th></tr><tr><td>आर्थिक विकास</td><td>७५४२००००</td><td>२९२८९९४१</td><td>३८.८४</td><td>४.०६</td></tr><tr><td>सामाजिक विकास</td><td>२४६७९३५००</td><td>१९०१५९०८६</td><td>७७.०५</td><td>२६.३३</td></tr><tr><td>पूर्वाधार विकास</td><td>४४८४३०५९४</td><td>३०८१२५१४८</td><td>६८.७</td><td>४२.६६</td></tr><tr><td>सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र</td><td>३९०९३०००</td><td>९३९१३०८</td><td>२४.०२</td><td>१.३</td></tr><tr><td>कार्य सञ्चालन तथा प्रशासनिक</td><td>२१९७०९९७४</td><td>१८५२८२३९३</td><td>८४.३३</td><td>२५.६५</td></tr><tr><td>**जम्मा**</td><td>**१०२९४४७०६८**</td><td>**७२२२४७८७८**</td><td>**७०.१५**</td><td>**१००**</td></tr></table>पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम २४.०२ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक क्षेत्र अन्तर्गत सबैभन्दा बढी ८४.३३ प्रतिशत खर्च गरेको छ । त्यसै उल्लिखित ५ क्षेत्रमध्ये पूर्वाधार विकास क्षेत्रमा सबैभन्दा बढी ४२.६६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम १.३० प्रतिशत खर्च भएको पाइयो । कार्यसंचालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्दछ ।	
८			**खर्च विश्लेशण:** पालिकाले यसवर्ष आन्तरिक आयबाट रु.१६७७८५३६.१३, राजस्व बाँडफाँड र अनुदानबाट रु.५८१७९४३५०.०० समेत रु.५९८५७२८८६.१३ आम्दानी भएकोमा चालु तर्फ रु. ३४२६४३९००.५७ र पूँजीगत तर्फ रु. ३७९६०३९७८.१३ समेत रु. ७२२२४७८७८.७० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३२ प्रतिशत रहेको छ । पदाधिकारी सुबिधामा यस वर्ष रु.१७१४५५००.०० खर्च भएको छ जुन आन्तरिक आयको १०२.१८ प्रतिशत हो । पालिकालाई प्राप्त भएका सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४७.४४ प्रतिशत चालु र ५२.५६ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । साथै राजस्वका क्षेत्रहरु पहिचान गर्ने, पहिचान भएका क्षेत्रको राजस्व संकलन प्रभावकारी बनाई पालिकाको परनिर्भरता कम गर्दै लैजानु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**वित्तिय विवरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (शुत्र)बाट प्राप्त हुने म.ले.प.फा.नं. २७२ को ढाँचामा वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले वित्तीय प्रतिवेदन तयार गर्दा स्थानीय साझेदारी विकास कार्यक्रम, सामाजिक सुरक्षा, प्रदेश पूर्वाधार विकास लगायतका कार्यक्रममा भएका कारोबार शुत्र प्रणालीमा समावेश गरेको पाइएन । पालिकाले आर्थिक कारोबार गर्दा शुत्र प्रणालीलाई पूर्णरुपमा अवलम्बन गरी तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
१०			**सम्पत्ति उपयोग र संरक्षण:**	
१०.१			**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण:** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
१०.२			**जिन्सी अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमाबली, २०७७ को नियम ९५ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको साविक गा.वि.स. र बिषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी नगरपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, नगरपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामानको जिन्सी दाखिला नगरेको कारण नगरपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन । नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गरी प्रमाण पेश गर्नु पर्दछ ।	
१०.३			**PAMS को प्रयोग:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानून तथा नियमावलीले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखांकन प्रतिवेदन संरक्षण तथा उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हो । प्रत्येक कार्यालयले सम्पत्तीको लेखांकन गरी सम्वन्धित मन्त्रालयमा प्रतिवेदन गर्ने र सम्वन्धित मन्त्रालयले मन्त्रालयगत विवरण एकिकृत गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गरेपछी मात्र सम्पत्तीको एकिकृत प्रतिवेदन तयार गर्न सकिन्छ । यही जिम्मेवारी पुरा गर्न महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली तयार गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ कार्तिक २० को निर्णय तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ७८ बमोजिम महालेखा नियन्त्रकणको कार्यालयले २०७७ श्रावणबाट अनिवार्य रुपमा तिनै तहका सरकारी कार्यालयमा लागु गरेको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) को प्रयोग यस पालिकाले हालसम्म पनि गरेको छैन् । कानूनी व्यवस्थाको पालना गरिनु पर्दछ ।	
११			**अवकाश कोष:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**म.ले.प.फारमको प्रयोग:** **(क) सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको पाइयो । **(ख) भ्रमण तथा भ्रमण खर्चको अभिलेखः** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको लागि भ्रमण अभिलेख नराखेको, म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको भ्रमण अभिलेख नराखेको सथै म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखेको पाइएन् । **(ग) बेरुजु लगतः** बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फाराममा तोकिए बमोजिमको अभिलेख राखेको पाइएन् । साथै अवस्था अनुसार ती म. ले. प. फाराम अद्यावधिक गरेको छैन । **(घ) सवारी साधन**:म.ले.प फारामले तोके बमोजिमका सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन् । म.ले.प.फारामको प्रयोग गर्नु पर्दछ ।	
१३			**विविध खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष राष्ट्रिय परिचय पत्र वितरणका लागि वडा नं.१ देखि ११ सम्म खटिएका कर्मचारीहरुको खाजा खाना वापत रु.१३१३९६६ र कार्यालय अन्तर्गतको खाजा खाना तथा विविधतर्फ मात्र रु.२३१७६३१.३६ गरी कूल रु.३६३१५९७.३६ खर्च गरेको छ । यस्तो खर्चमा मितव्यायीता कायम हुनु पर्दछ ।	
१४			**भत्ता वितरण:** मधेस प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ मा पदाधिकारी तथा सदस्यले ऐन बमोजिम पाउने भत्ता तथा सुविधा बापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयले सम्बन्धित पदाधिकारी तथा सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले पदाधिकारी बैठक भत्ता वापतको रकम बैंक खाता मार्फत वितरण नगरी भरपाई गराई वितरण गरेको पाइयो । ऐनले गरेको व्यवस्थाको पालना गरिनु पर्दछ ।	
१५			**आर्थिक सहायता:** नगरपालिकाले आर्थिक सहायता वितरण गर्दा आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि बनाई कार्याविधिले तोकेको मापदण्ड अनुसार मात्र आर्थिक सहायता भुक्तानी गर्नु पर्दछ । पालिकाले मापदण्ड नबनाई अन्य आर्थिक सहायता खर्च शिर्षक नामको शिर्षकमा रु. २००००००.०० बजेट छुट्याई चालु शिर्षकबाट निवेदनमा तोकादेश गरी व्यक्तिगत प्रयोजनका विभिन्न क्रियाकलाप समेतलाई आधार लिई रु.१९९९२५६.०० आर्थिक सहायता वितरण गरेको पाइयो । यसरी कार्यविधि नबनाई गरीने वितरणमुखी खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
१६			**संगठन तथा कर्मचारी व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ र वडामा २२ गरी जम्मा ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३७ जना स्थायी पदपूर्ती भएको देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुनाले रिक्त पदहरू यथाशिघ्र पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१६.२			**कर्मचारी करार:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था भएकोमा पालिकाले विभिन्न पदमा ७८ जना कर्मचारी करारमा राखी रु.१६३८१५८७.९० खर्च लेखेको छ ।	
१६.३			**तलबि प्रतिवेदनः** कार्यालयको कर्मचारीको तलब भत्ता खर्च लेख्दा अनिवार्य रुपमा आर्थिक वर्षको सुरुमै कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट र स्थानीय तहबाट तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालीका भित्र रहेको स्थानीय तहका र निजामती सेवाका कर्मचारीहरुको आर्थिक वर्ष २०७७।७८ को तलबी पारित नगराई तलब भत्ता खर्च लेखेको देखियो । यसरी तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेकोले ग्रेड रकम यकिन गर्न सकिएन ।	
१७			**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाले पेश गरको उजुरीको विवरण अनुसार गतवर्षबाट जिम्मेवारी सरी आएका ७ वटा र यस वर्ष २५७ वटा दर्ता भएकोमा जम्मा १८९ वटा मात्र फर्स्यौंट भई ७५ वटा बाँकी रहेको विवरणमा उल्लेख छ । यसरी समितिमा परेका उजुरीको कानूनले तोकेको समयभित्र फर्स्यौंट गर्ने तर्फ सम्बन्धी अधिकारीको ध्यान जानु पर्ने देखिन्छ ।	
१८			**खरिद गुरुयोजना र योजना:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार १ बर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धीत निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधि भरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धीत निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । योजनाले तोकेको समयभन्दा ढिलो गरी योजनाको कार्यान्वियन भए नभएको खरिद योजनामा समावेश नगरी कार्यान्वियन गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिएन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । बार्षिक खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनुका लागी नियमावलीको परिकल्पना गरे बमोजिमको बार्षिक खरिद गुरुयोजना तयार गर्नेतर्फकार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**निर्माण कार्य:** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मूख्य उदेश्य नै रोजगारीको श्रृजना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । नगरपालिकाले अधिकाँश योजनाहरू उपभोक्ता समिति मार्फत गराएको उपभोक्ता समितिबाट निर्माण गरेको कार्यको गुणस्तर परीक्षण भएको पाईएन । ठेक्का प्रकृयाबाट प्रतिष्पर्धात्मक तरीकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय कार्य हुने र खर्चमा पारदर्शीता कायम हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
२०			**गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उप नियम (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण खर्चको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्य तथा सामाग्रीको गुणस्तर परीक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परीक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परीक्षण गर्नु पर्दछ ।	
२१			**सार्वजनिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको पक्ष सवल नहुने गर्फ ध्यान दिई सामाजिक परीक्षण व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।	
२२			**बजेट पेश, पारित र अख्तियारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका अध्यक्षले २०७७/३/१५ गते रु.९९ करोड ५३ लाख ९८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७/३/२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
२३			**अनुदान फिर्ता:** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ मा फिर्ता हुनु पर्ने रकम रु.४९४३०६५२.३६ देखिन्छ । पालिकाले आर्थिक वर्षको अन्त्यमा फिर्ता गर्नु पर्ने रकम एकिन गरी फिर्ता दाखिला गर्नु पर्नेमा सो गरेको पाइएन् । खर्च नभई बाँकी रहेको अनुदान रकम मध्ये रु.४०३४५२९०.०८ यस आर्थिक वर्ष २०७८/७९ को सुरुवातमा फिर्ता भई बाँकी रहेको रु. ९०८५३६२.२८ लेखापरिक्षणको क्रममा मिति २०७८/११/१२ मा फिर्ता दाखिला भएको छ । खर्च नभई बाँकी रहेको रकम कानूनले तोके बमोजिम समय मै फिर्ता गर्नु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>प्रदेश समपुरक अनुदान:
स्थानीय तह र प्रदेश सरकारको ५०।५० प्रतिशत लागत साझेदारी रहने गरी स्थानीय प्रथामिकता प्राप्त योजना संचालन गर्दा कुल लागत अनुमान भन्दा घटीमा सम्झौता भएको ५० प्रतिशत रकम मात्र प्रदेश सरकारको लगानी हुने र प्रदेश सरकारबाट उपलब्ध गराइएको रकममा कबोल अंकको ५० प्रतिशत घटाउँदा बचत हुने रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकामा प्रदेश समपुरक अनुदान तर्फ रु. २००००० प्राप्त भएकोमा रु.१९९६३३४.४२ रकम खर्च गरेको छ । खर्च गर्दा सम्पूर्ण रकम समपुरक अनुदानबाट मात्र खर्च गरेको र पालिकाको योगदान शुन्य देखिएकोले खर्चको ५० प्रतिशत रु.९९८१६७.२१ कटाई बाँकी हुन आउने रकम रु.१००१८३२.७९ फिर्ता गर्नु पर्नेमा रु. ३६६५.५८ मात्र फिर्ता भएको छ । प्राप्त रकममध्ये पुरै खर्चलाई प्रदेशको रकममा मात्र मानी खर्च लेखेकोले बाँकी फ्रिज गरी प्रदेश लेखा नियन्त्रकको कार्यालयमा फिर्ता दाखिला गर्नुपर्ने रु.</td><td>९९८,१६७</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>आ.ले.प. बेरुजु सम्बन्धमा:
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औल्याइएको निम्न बेरुजुहरू अन्तिम लेखापरीक्षण अवधि सम्म पनि असुल फर्स्यौट गरेको पाइएन । अतः उक्त बेरुजुहरू असुल फर्स्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>आन्तरिक लेखापरीक्षण गर्दा देखिएका मुख्य भौचर, मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td>गो.भौ. नं. ३ मा नगर सभाको निर्णय बमोजिम शेष तसिम रेजालाई मिना बजार ठेक्का कोभिड १९ को करण क्षतिपुर्ति स्वरुप रु.९४०६३७ कर फिर्ता गरिएकोमा कार्यपालिको बैठकबाट अध्ययन राय सुझाब तथा प्रतिवेदन समिति गठन भएको उल्लेख भएकोमा कस्को नेतृत्वमा कति सदस्य समिति गठन भएको सोको नामावली र उक्त समितिको सुझाव तथा सिफारिस पेश गर्नु पर्ने रु.</td><td>९४०६३७</td></tr>
<tr><td>होटलमा नपाइने समान जस्तै जनरल स्टोर्स तथा फलफुल पसलमा पइने नरिवल, फलफुल, कपडा पुजा, धुप अगरवती अञ्जली होटलबाट खरिद गरिएको नियम संगत नभएको ।</td><td></td></tr>
<tr><td>गो.भौ.नं. ५७ मिति २०७७/०६/१५ मा राजन महतद्वारा चितवनको माढीमा नगरस्तरीय तेक्वान्दो प्रतियोगितामा भाग लिदा दुई इभेन्टमा दोस्रो र तेस्रो पदक ल्याउने खेलाडीहरुलाई का.पा.को निर्यण बमोजिम १८ वटा ट्र्याक सुट रु.१५०० को दरले खरिद गरी रु. २७००० खर्च लेखेकोमा जिन्सी दाखिला गरेको देखिएन् ।</td><td></td></tr>
<tr><td>गो.भौ.नं. ७४ मिति २०७७/०६/२० मा होलिस्टक डेभेलपमेन्टलसँग चरण क्षेत्र विकासका लागि नर्सरी स्थापना र व्यवस्थापन सम्बन्धी सम्झौता कुन मितिमा भएको हो स्पष्ट आधार नदेखिएको सथै उक्त संस्थाले नर्सरी व्यवस्थापन र स्थापनामा के कति खर्च भएको सो प्रमाणित गर्ने कागजात पेश गरेको देखिएन । संस्थाले नर्सरी व्यवस्थापन र स्थापन गरी संरक्षण, संवर्धन र उपयोगको लागि समुदायमा हस्तान्तरण गरेको नदेखिएकोले समुदायमा हस्तनरण गरेको समेत देखिएन ।</td><td></td></tr>
<tr><td>गो.भौ.नं. १०६ मिति २०८८/०६/२९ मा शुभ लक्ष्मी टेक्नोलोजीलाई CCTV मर्मत तथा जडान सर्भिसि चार्ज तथा अन्य CCTV सँग समन्धित समाग्रीहरु खरिद गर्दा टुक्रे विल प्रयोग भएको हुँदा त्यस्ता कार्यलाई नरूत्साहीत गर्नु पर्ने देखिएको ।</td><td></td></tr>
<tr><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा रु. १ लाख सम्मको निर्माण कार्य मात्र लागत अनुमान वेगर गर्न सकिने व्यवस्था छ । गो.भौ.नं. १२८ मिति २०७७/०७/०४ मा भोलेबाबा कन्सट्रक्सनलाई सम्झौता तथा प्राविधिक स्टीमेट र मूल्यांकन नगरी ल्याण्ड फिड-साइड, पुरानो बजार व्यवस्थापनर १० नं. वडामा रहेको कबर्ड हलमा वालुवा सम्याउन लगाई विल र लग बुकको आधारमा रकम रु.१३१३४५.५५ भुक्तानी दिएको छ । तोकिएको सिमाभन्दा बढीको कार्य गर्दा लागत अनुमान तयार गरी नापी किताबको आधारमा भुक्तानी दिने व्यवस्थाको पालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार सार्वजनिक यातायत नचल्ने स्थानमा आते जाते गरी दुई दिन सम्मको लागि एकमुष्ट रू.२०० का दरले यातायात खर्च र संयोजक भत्ता</td><td>१७२००</td></tr>
</table></td><td>४,७६२,०२३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय		बेरुजु रकम
			वापत प्रति कार्यक्रम रु.४०० पाउने उल्लेख भएको तर गो.भौ.नं. १५८ मिति २०७७/०८/०९ मा अधिकृत छौटौँ रूस स्टालिन चौलागाईको नाममा रहेको गत विगतको पेश्की फर्छ्यौट गर्दा मिति २०७७/०३/२७ र २८ गते संचालित अभिमुखिकरण कर्यक्रममा सहभागी भए वापत दुई दिने कार्यक्रममा यातायात खर्च रकम प्रतिदिन रू. ५०० को दरले २६ जना सहभागीलाई रकम रू. २६००० भुक्तानी भएको र संयोजक वापत रु. १२०० को दरले २ दिनको रु.२४०० वितरण गरेको देखिन्छ । साथै प्रदेश सरकार खर्च मापदण्ड निर्देशिका, २०७५ अनुसार सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ती भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउनेछ भनी उल्लेख भएकोमा प्रशिक्षक रकम लिएको बढी भुक्तानी असुल गर्नु पर्ने रु.		
			अधिकृत छौटौ आशा खरेलले एकै अपाङ्गता लक्षित कर्यक्रममा अपाङ्गता भएको व्यक्तीहरुलाई सम्मान तथा बल्यङकेट वितरण गर्ने कार्यमा एकमुष्ट भ्याट विल मार्फत खरिद गर्नु पर्नेमा गो.भौ.नं. २४६ मिति २०७७/०९/२० मा टुक्रा टुक्रा गरी पान विल मार्फत रु.१२७१३५ को बल्यङकेट तथा खादा खरिद गरिएको अनियमित रकम रु.	१२७१३५	
			गो.भौ.नं. २४७ मिति २०७७/०९/२० मा का.स. हिमाल गुरुङलाई सवारी साधन मर्मत खर्च शिर्षकबाट रु.१६३९२ कार्यालय प्रयोजनको लागी भुक्तानी भएको रकम कुन प्रयोजन तथा कुन गाडी मर्मत गर्दा खर्च भएको साथै मर्मत आदेश समेत संलग्न नरहेकोले प्रमाण पेश गर्नु पर्ने रु.	१६३९२	
			गो.भौ.नं. ४७७ मिति २०७८/०१/१५ मा इष्टर्न म्यानेजमेन्ट प्राइभेट लिमिटेडलाई रकम रु.२५९५१५।१९ भुक्तानी दिएकोमा मर्मत आदेश नलिई मर्मत गरेको तथा मर्मत गर्दा लागेका गाडीको समाग्रीहरुको जिन्सी दाखिला समेत गरेको नदेखिएकोले प्रमाण पेश गर्नु पर्ने रु.	२५९५१५	
			एउटै कार्यक्रममा एउटै फर्मबाट कुनै पनि किसिमको वस्तु तथा सेवा खरिद गर्दा एकीकृत रुपमा एकमुष्ट भुक्तानी गर्नु पर्नेमा गो.भौ.नं. ४८६ मिति २०७८/०१/१७ बाट वडा नं. ८ मा संचालित खेलकुदका समाग्री वितरण कार्यक्रम संचालन गर्दा न्यू कार्की स्टेशनरी तथा पुस्तक पसलको टुक्रे विल मार्फत रकम रु.७६३३७ बराबरको सामाग्री खरिद गरेको नियमसम्मत नदेखिएको रु.	७६३३७	
			राष्ट्रीय परिचयपत्र तथा पञ्जिकरण विवरण दर्ता कार्यक्रम		
			चालु आ.व. मा कुनै किसिमको योजना तथा कार्यक्रम संचालन गर्ने भनी बजेट विनियोजन नभएको अवस्थामा कार्यक्रम संचालन गर्न पर्ने भए त्यस्ता कार्यक्रमकहरु कसरी संचालन गर्ने भनी कार्य विवरण तयार गरी सो अनुरूप नै कार्यक्रम संचालन गर्नु पर्ने हुन्छ । तर राष्ट्रीय परिचयपत्र तथा पञ्जिकरण विवरण दर्ता कार्यक्रम संचालन गर्दा कार्य विवरण नबनाई रकम रु.१३,१७,२०६।०० खर्च गरी कार्यक्रम संचालन गरेको देखियो । यसरी मापदण्ड नबनाएको कार्यक्रममा खर्च गर्दा कतिपय वडामा आवश्यकता भन्दा बढी खर्च भएको देखिन्छ । जस्तै गो.भौ.नं. ५३१ मिति २०७८/०१/२६ मा रकम रु.९०००।०० समरसेल मोटर जडान गरेको भनी भुक्तानी लिएको देखिन्छ । अतः जुन प्रयोजनको लागि कार्यक्रम संचालन गरेको हो सोही प्रयोजनमा बजेट खर्च गर्नु पर्दछ । यस कर्यक्रममा निश्चित मापदण्ड नबनाई बजेट खर्च गरेको हुँदा व्यवस्थित रुपमा बजेट खर्च भएको देखिएन ।		
			अनुदान कार्यक्रमः		
			कुनै पनि किसिमको अनुदान दिनु परेमा नगरपालिकाले निश्चित कार्यविधि बनाई प्रतिस्प्रधात्मक रुपमा छनौट गरी तोकिएको मापदण्ड पुरा गरेका फार्म/व्यक्तिलाई अनुदान दिनु पर्दछ । तर नगरपालिकाले कार्यविधि नबनाई सिधै कार्यपालिकाको निर्णय बमोजिम भुक्तानी दिएको देखिन्छ ।		
			योजना संचालन गर्दा त्यस योजनामा लाग्ने रकम तथा सामाग्रीको प्राविधिक इष्टीमेट तयार गरी पूर्वानुमान गरी योजना संचालन गर्नु पर्ने हुँन्छ । तर वडा नं. ९ को वडा कार्यालयबाट सोझै खरिद गरी गो.भौ.नं. ४६ मिति २०७७/०८/०८ मा बागमति ह्युम पाइप उद्योगलाई रकम रु.२२६२२६।०० भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.	२२६२२६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय		बेरुजु रकम
			सुर्ति विकास खेल मैदानमा नेपाल डोरीतान संघ प्रदेश नं. २ ले नगरपालिकासँग मिति २०७७/११/१० मा सम्झौता गरी फाल्गुन २२ र २३ गते डोरी तान प्रतियोगिता कार्यक्रम सम्पन्न गरी गो.भौ.नं. १५२ मिति २०७७/१२/११ मा अन्य सार्वजनिक निर्माण बजेट खर्च शिर्षकबाट रकम रु.२५००००।०० भुक्तानी दिएको देखिन्छ । अतः चालु प्रकृतिको कार्यक्रम संचालन गरी पूँजी तर्फको बजेट शिर्षकबाट भुक्तानी दिएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्ने देखिएको ।		
			सरकारी कोषबाट खर्च गरी कुनै पनि किसिमका कार्यक्रम संचालन गर्दा समुदाय वा लक्षीत वर्गलाई फाइदा पुग्ने कार्य हुनु पर्दछ । तर वडा नं.८ मा दुईवटा मोटर खरिद गरी दुई प्राकृत व्यक्तीलाई वितरण गरेको खुल्न आएको साथै चालु प्रकृतिको खर्च पूँजीगत खर्च शिर्षकबाट गो.भौ.नं. ३१६ मिति २०७८/०३/२४ मा भुक्तानी दिएको देखिन्छ । अतः एक प्राकृत व्यक्तीलाई मात्र फाइदा पुग्ने गरी सार्वजनिक कोषबाट खर्च हुने गरी कार्यक्रम गर्न नमिल्ने देखिएको।		
			गो.भौ.नं. ३३३ मिति २०७८/०३/२५ मा वडा नं. ५ को सिफारिस बमोजिम कर बाहेक समरसेल खरिद गरिएको रकम रु.१९७००।०० भुक्तानी भएको तर यसको प्रयोग कुन ठाउँमा भएको यकीन गर्न नसकीएको ।		
			गो.भौ.नं. ३७० मिति २०७८/०३/२९ मा कुशवाहा धर्मशाला भवन नर्माण उ.स. लाई धर्मशाला भवन निर्माण गर्नको लागि रकम रु.१००००००।०० भुक्तानी दिएको देखिन्छ । तर प्राविधिक मूल्यांकन गर्दा रकम रु.९९६३६६.०३ मात्र भुक्तानी दिनु पर्ने देखिएता पनि रकम रु.३६३३।९७ बढी भुक्तानी दिएको असुल गर्नु पर्ने रु.	३६३४	
			मातृ तथा नवशिशु कार्यक्रम संचालन गरी कार्य सम्पन्न पश्चात गो.भौ.नं.१२२ मिति २०७८/०१/१२ मा रकम रु. ८५५००।०० भुक्तानी लिएको देखिन्छ । यस सशर्त कार्यक्रम अन्तरगत स्वास्थ्य संस्था मर्मत सम्भार, कर्मचारी भर्ना (करार), औचार उपकरण खरिद, औषधि खरिदका साथै क्षमता वृद्धि तालिम संचालन गर्नु पर्नेमा भ्रमण भत्ता र सहभागी भत्तामा विनियोजित बजेत खर्च भएकोले कार्यक्रम प्रभावकारी भएको देखिएन् । अतः वजेट जुन उद्देश्यको लागि विनियोत भएको हो साही उद्देश्यमा खर्च गर्नु पर्दछ ।		
			गो.भौ.नं. २४२ मिति २०७८/०३/२५ मा जय सन्तौषी मा महिला कृषि समुहसँग प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम (प्रांगारिक खेती सम्बन्धी संध संस्थाहरुको सहकार्यमा) सम्पन्न गर्नको लागि रकम रु.७५०००० को कार्यादेश दिएको देखिन्छ । तर कृषि समुहले एक लाख भन्दा बढीको समाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ अनुसार नै खरिद कार्य गर्नु पर्नेमा सम्झौता नगरि सिधै खरिद गरेको छ । अनुदानबाट हुने खरिदलाई कार्यविधि सम्मत वनाउन पर्दछ ।		
			गो.भौ.नं. ६२ मिति २०७८/०३/३० मा अत्रौली नदिको कलभर्ट देखि तिनसुरे सडक स्तरोन्नती गर्न उपभोक्ता समितीलाई मिति २०७८/०२/२६ मा सम्झौता गरी मिति २०७८/०३/२० मा कर्य सम्पन्न गर्नु पर्ने भनी कार्यादेश दिएको देखिन्छ । तर भुक्तानी माग गर्दा एकमुष्ट मोक्तान ब्रदर्स कन्स्ट्रक्सन प्रा.लि. को विल विजकबाट भुक्तानी लिएको हुँदा समाग्री खरिद, ढुवानी र लेवर मिस्त्री ज्यालामा के कति खर्च भएको एकीन गर्न नसकिनुको साथै उपभोक्ताले आफुलाई प्राप्त भएको कार्य निर्माण व्यवसायीबाट गराएको नियमित नदेखिएको रु.	२९९४९४७	
			गो.भौ.नं. २९४ मिति २०७८/०३/३० मा हिरालाल टोलस्थित ब्रम्हस्थान घेराबेरा उ.स. लाई योजनाको रकम रु. १०००००।- भुक्तानी दिएको देखिन्छ । कुनै पनि योजना तथा कार्यक्रम संचालन गर्दा तोकीएको योजना तथा कार्यक्रममा नै बजेट खर्च गर्नु पर्ने हुन्छ । तर योजना सम्झौता गर्दा ब्रम्हस्थान घेराबेर गर्ने भनिएता पनि सो कार्य नगरी ब्रम्हस्थान मन्दिर निर्माण कार्यमा खर्च गरिएको अनियमित रकम रु.	१०००००	
			झाम ईटा र OPC सिमेन्ट खरिदः सार्वजनिक योजना सञ्चलन गर्दा वस्तु तथा सेवाको खरिद गर्नु परेमा सार्वजनिक खरिद ऐन, २०६३ को पालना गर्नु पर्ने हुन्छ । तर गो.भौ.नं. ४० मिति २०७८/०३/२९ मा झाम ईटा खरिद गर्दा प्रति ईटा रु.७ को दरले ३८४३३ ईटाको भ्याट बाहेक रकम रु.२६९०३१।०० भुक्तानी दिनुको साथै OPC सिमेन्ट खरिद गर्दा प्रति बोरा ६८०।०० को दरले ५५९ बोराको भ्याट बाहेक रकम रु.३८०१२०।०० भुक्तानी दिएको देखिन्छ र गो.भौ.नं. ४१ मिति २०७८/०३/२९ मा ४० झाम ईटा खरिद गर्दा प्रति ईटा रु. ५।५ को दरले ३५०००।००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय		बेरुजु रकम
			ईटाको भ्याट बाहेक रकम रु.१९२५००।०० भुक्तानी दिनुको साथै OPC सिमेन्ट खरिद गर्दा प्रति बोरा ७२०।०० को दरले ६०० बोराको भ्याट बाहेक रकम रु.४३२०००।०० भुक्तानी दिएको देखिन्छ । अतः एउटै समयमा सञ्चालित एकै प्रकृतिको योजनामा एकै प्रकृतिको समाग्री खरिद गर्दा फरक-फरक मूल्यमा खरिद गरिनुको साथै सार्वजनिक ऐनको पालना समेत भएको पाईएन ।		
			जम्मा	**४७६२०२३**	
२६			**पेश्की बाँकी:** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की बाहेक चालू आर्थिक वर्षको अत्यसम्मा फस्र्यौट हुन नसक्ने गरी कुनै पनि पेश्की दिनु हुँदैन् भनी उल्लेख गरेको छ । साथै नियम ५१(१) मा तोकिएको म्यादभित्र आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले व्याज समेत लगाई असुल गर्ने र नियम ५१(२) मा कुनै कर्मचारीले लिएको पेश्की फस्र्यौट गर्न निर्धारित म्यादभित्र आवश्यक कागजात नबुझाएमा कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको तलब, भत्ता रोक्का गर्न वा निजले पाउने मासिक तलब वा अन्य सुविधाबाट कट्टा गरी त्यस्तो पेश्की असुल गरी फस्र्यौट गर्न सक्ने व्यवस्था रहेको छ । कर्मचारी, व्यक्ति, संस्थालाई पटक पटक पेश्की माथि पेश्की दिएको निम्नानुसारको पेश्की रु. १४७८२५९०.०० आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट नभई बाँकी रहेको देखियो । म्याद कायम रहेको मोविलाइजेशन पेश्की बाहेक बाँकी पेश्की नियमानुसार असुल फस्र्यौट गर्नु पर्ने देखिएको रु.		२,१३५,१५०

सि.नं.	**पेश्की लिएको मिति**	**गो. भौ. न.**	**पेश्कीको विवरण**	**पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम**	**चालु आ. व.**	**गत आ. व.सम्मको**	**म्याद नाघेको पेश्की**
					रकम		**रकम**
१	पदाधिकारी						
१	०४/०१/२०७७	४५	अन्य सार्वजनिक निर्माण	वडा अध्यक्ष दीप मान लोप्चन	०	२०००००	०
२	०४/०१/२०७७	१५१	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	वडा अध्यक्ष नागेन्द्र कुमार साह	०	५००००	०
जम्मा					०	२५००००	०
२	कर्मचारी						
१	०४/०१/२०७७	४५	गत बिगत आ.ब. को पेश्की	चित्र बहादुर वि. क.	०	७८४०००	०
२	०४/०१/२०७७	१५१	महामारी तथा प्रकोपजन्य रोगहरुको व्यवस्थापन	सहायक हरिकृष्ण मैनाली	०	४०००००	
३	०१/१९/२०७८	४९१	विपद व्यवस्थापन कोरोना रोकथाम तथा नियन्त्रण कार्यक्रम	चित्र बहादुर वि. क.	५०००००	०	५०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			जम्मा					५०००००	११८४०००	५०००००	
			३	ठेकेदार							
			१	०४/०१/२०७७	४५	हरिवन बजारमा व्यापारिक भवन निर्माण	विकोइ। धुलिखेल जे.भी.	०	५३८२१९५.१७	०	
			२	०३/१०/२०७८	२६०	हरिवन नगरपालिकाको रिङरोड निर्माण - समपुरक कोष	एक्सिस एसियन कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	१४०००००	०	०	
			३	०३/१५/२०७८	२०	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	ओम साई निर्माण सेवा प्रा. लि.	७०००००	०	०	
			जम्मा					२१०००००	५३८२१९५.१७	०	
			४	संस्थागत							
			१	०४/०१/२०७७	४५	अन्य सार्वजनिक निर्माण खर्च	नेपाल विधुत प्राधिकरण	०	१२६२४५	०	
			२	०४/०१/२०७७	४५	वडा नं १ का आवश्यक स्थानमा विध्युतीकरण	नेपाल विधुत प्राधिकरण	०	५०००००	०	
			३	०४/०१/२०७७	४५	वडा नं १ का विभिन्न स्थानहरुमा विध्युतीकरण गर्ने	नेपाल विधुत प्राधिकरण	०	१००००००	०	
			५	०३/१०/२०७८	२५९	हरिवन नगरपालिकाको रिङरोड निर्माण - समपुरक कोष	एक्सिस एसियन कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	१४०००००	०	०	
			जम्मा					१४०००००	१६२६२४५	०	
			५	उपभोक्ता समिति							
			१	०४/०१/२०७७	४५	गत बिगत आ.ब. को पेश्की	खानेपानी तथा सरसफाइ उ.स.	०	३०००००	०	
			जम्मा					०	३०००००	०	
			६	व्यक्तिगत							
			१	०४/०१/२०७७	३५	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा	हरिकृष्ण मैनाली	०	१५००००	०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
						व्यवस्थापन अनुदान					
			२	०४/०१/२०७७	१५१	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	जकी अहमद सिद्दिकी	०	१०००००	०	
			३	०४/०१/२०७७	१५१	संचार खर्च	तारा पोखरेल	०	२००००	०	
			४	०४/०१/२०७७	१५१	चालु प्रकृतिका कार्यक्रम खर्च	नागेन्द्र कुमार साह	०	१०००००	०	
			५	०४/०१/२०७७	१५१	सवारी साधन मर्मत खर्च	शेकराज आचार्य	०	४००००	०	
			६	०४/०१/२०७७	१५१	पशु विकाश कार्यक्रम	सरस्वति विश्वकर्मा	०	२४५०००	०	
			७	०८/१८/२०७७	४०	राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत)	मोहन पोखरेल	१५०००	०	१५०००	
			८	०९/१०/२०७७	५४	राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत)	श्याम विनोद कुशवाहा	११००००	०	११००००	
			९	०९/१३/२०७७	५५	स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन, सुद्रिढीकरण तथा समिक्षा (स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रमको समिक्षा)	रामबाबु चौधरी	३५००००	०	३५००००	
			१०	०९/२०/२०७७	५६	युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम	रुसस्टालीन चौलागाई	५००००	०	५००००	
			११	०९/२१/२०७७	२५०	विद्यालयका किशोरकिशोरिकको स्वास्थ्य परिक्षण	रामबाबु चौधरी	२५०००	०	२५०००	
			१२	१०/०८/२०७७	६७	मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	श्याम विनोद कुशवाहा	२०००००	०	२०००००	
			१३	१०/१५/२०७७	७४	पोषण कार्यक्रम	सुरेश राय	२७६७५०	०	२७६७५०	
			१४	०१/१९/२०७८	४९३	पशुपंक्षी खोप कार्यक्रम	सरस्वति विश्वकर्मा	१०००००	०	१०००००	
			१५	०१/१९/२०७८	४९३	पशु खोप कार्यक्रम	सरस्वति विश्वकर्मा	५००००	०	५००००	
			१६	०१/२६/२०७८	१४१	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान	रुसस्टालीन चौलागाई	१०८८००	०	१०८८००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१७	०१/२६/२०७८	१४१	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	रुसस्टालीन चौलागाई	९१२००	०	९१२००
१८	०१/२६/२०७८	५१८	कार्यक्रम खर्च	रुसस्टालीन चौलागाई	२००००	०	२००००
१९	०३/०७/२०७८	१६८	विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम अनुगमन तथा समिक्षा	मोहन बहादुर घिसिङ	२५०००	०	२५०००
२०	०३/०७/२०७८	१६८	विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम तालिम संचालन	मोहन बहादुर घिसिङ	६००००	०	६००००
२१	०३/०७/२०७८	१६८	विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम	मोहन बहादुर घिसिङ	७८४००	०	७८४००
२२	०३/२०/२०७८	२०६	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	रुसस्टालीन चौलागाई	७५०००	०	७५०००
जम्मा					**१६३५११५०**	**६५५०००**	**१६३५११५०**
जम्मा					**५६३५११५०**	**९१४७४४०.१७**	**२१३५११५०**
कुल जम्मा बाँकी पेश्की					**१४७८२५९०**		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**कोभिड-१९ रोकथाम तथा नियन्त्रण खर्च:**	
२७.१			आर्थिक वर्ष २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः	

आम्दानी स्रोत	**रकम रु.**	**खर्च शिर्षक**	**रकम रु.**
गत बर्षको बाँकी	१०१७११२.४९	पारिश्रमिक कर्मचारी	३८०५८०
संघीय सरकारबाट	१४४२२२५	मसलन्द तथा कार्यालय सामाग्री	४९९९४१.३८
आन्तरिक श्रोत	५०७३१४०	उद्धार, राहत तथा पुनर्स्थापना खर्च	४७६२०७४.७२
		औषधी खरिद खर्च	४९९३०
		बाँकी	**१८३९९५१.३९**
जम्मा	**७५३२४७७.४९**		**७५३२४७७.४९**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>

गत आर्थिक वर्षको भुक्तानीः गत आर्थिक वर्षमा भुक्तानी हुन नसकी प्रमाणित भुक्तानी दिन बाँकीको कच्चाबारी म.ले.प.फा.नं.२२१(साविक म.ले.प.फा.नं.१८) मा रहेका रकमहरू चालु वर्षमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले भुक्तानी बाँकीको कच्चावारी विवरण प्रमाणित नगराई कोभिड रोकथाम तथा नियन्त्रण कार्यक्रम अन्तर्गत निम्नानुसार रु.१५९०८५.८८ खर्च यस वर्ष भुक्तानी गरेको देखियो । गत आर्थिक वर्षको भुक्तानी गर्न बाँकी यस वर्ष भुक्तानी गर्दा खर्चको वास्तविक्ता एकिन गर्न नसकिने साथै गत आर्थिक वर्षमा सोही कार्यक्रमको भुक्तानी भए नभएको समेत एकित गर्न नसकिने हुँदा यस्ता खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं.-मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>८-२०७७/६/४</td><td>स्वाभ कलेक्सन गर्न आएका स्वास्थ्यकर्मीहरुको भ्रमण भत्ता विजय चौरसियालाई भुक्तानी</td><td>२५१००</td></tr>
<tr><td>२.</td><td>११-२०७७/६/६</td><td>विक्रम बराईलीलाइ क्वारेन्टाइन व्यवस्थापनको दैनिक ज्यालादारीको रकम भुक्तानी</td><td>११०९८५.८८</td></tr>
<tr><td>३.</td><td>३२-२०७७/१०/८</td><td>हर्क बहादुर खत्रीलाई सवारी भाडा वापतको रकम भुक्तानी</td><td>२३०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५९०८५.८८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.३</td><td></td><td></td><td>

सोझै खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले निम्न आपुर्तिकर्तासँग खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ टुक्रे विलको आधारमा निम्नानुसार रु.१६०१५६०.०० को सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.

<table>
<tr><th>गौ.भो.न./मिति</th><th>कार्यक्रम</th><th>विवरण</th><th>भुक्तानी लिने फर्म</th><th>रकम</th></tr>
<tr><td>५७-२०७७/३/२३</td><td rowspan="5">कोभिड रोकथाम तथा नियन्त्रण</td><td>५ वटा प्यान विल संलग्न गरी औषधी खरिद</td><td rowspan="2">कुशवाहा मेडिसिन्स फर्मा</td><td>८२९५०</td></tr>
<tr><td>५८-२०७८/३/२३</td><td>२ वटा प्यान विल संलग्न गरी औषधी खरिद</td><td>३२८१८</td></tr>
<tr><td>५१-२०७८/३/२०</td><td>कोभिड-१९ को रोकथामका लागि विभिन्न सामाग्री</td><td rowspan="2">गणेश ट्रेडर्स</td><td>४२४३२३</td></tr>
<tr><td>६०-२०७८/३/२५</td><td>डिटोल साबुन ४०० थान र फेस मास्क १०० बक्स</td><td>३२६८८</td></tr>
<tr><td>५५-२०७८/३/२२</td><td>फेस माक्स ५ लेयरको ४० बक्स, पि.पि.ई.सेट २०० सेट र सर्जिकल ग्लोभ्स २० प्याकेट खरिद</td><td>जि.के. एण्ड एग्रो प्रा.ली.</td><td>५२८८४०</td></tr>
<tr><td>७-२०७७/१०/४</td><td>अस्थायी अस्पताल संचालन</td><td>औषधी खरिद</td><td>अर्नव विजनेश एक्सप्लोर प्रा.ली.</td><td>४९९९४१</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१६०१५६०</td></tr>
</table>
</td><td>१,६०१,५६०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७.४	२८	२०७७-९-१६	कोभिड-१९ महामारीका कारण मृत्यु भएको मृत शरिरको सदगत व्यवस्थापनको लागि केन्द्रबाट सुरक्षाकर्मी आई होटेल कुसुम एण्ड पार्टी प्यालेसमा शव व्यवस्थापन पश्चात क्वारेन्टाइन बसे वापतको खर्च रु. ९२५४७.०० होटेल कुसुम एण्ड पार्टी प्यालेसलाई जिल्ला प्रशासन कार्यालयको सिफारिसमा भुक्तानी दिएको छ। केन्द्रबाट खटाइने सुरक्षाकर्मीलाई केन्द्रबाट पनि भुक्तानी हुने हुँदा यस्तो प्रकृतिको खर्चमा नियन्त्रण हुनु पर्दछ।	
२७.५	२२	२०७७-७-४	यस पालिकामा हेल्थ असिस्टेन्ट पदमा कार्यारत चेत बहादुर विष्टलाई कोभिड-१९ पोजेटिभ भई उपचार गराए वापत अनलाईन हेल्थ केयर प्रा.ली.लाई रु.७००००.०० खर्च लेखी रु.६८९५० भुक्तानी दिएको छ। त्यस्तै गो.भौ.नं.२३-२०७७/७/१८ बाट नगरकार्यपालिकाको निर्णय बमोजिमको पोषण खर्च रु.२५०००.०० र एम्बुलेन्स प्रयोग गरे वापतको रु.२८०००.०० गरी जम्मा रु.४८०००.०० चेत बहादुर विष्टलाई भुक्तानी दिएको छ। नेपाल सरकारले रु.एक लाख बराबरको कोरोना विमा गराउनुका साथै नि:शुल्क उपचार गराउने व्यवस्था गरेको अवस्थामा प्राइभेट अस्पतालमा उपचार गराई नगरपालिकाबाट भुक्तानी दिलाएको रकम सम्बन्धीतबाट असुल गर्नु पर्ने रु.	६८,९५०
२८			**आन्तरिक आय, कर तथा शुल्क असुली:**	
२८.१			**कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन**,** २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।	

आम्दानी शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पती कर	३००००००	२७७०४६१.६२	९२.३५
भुमिकर/मालपोत	५०५०००	३३६२१.०३	६.६६
घरवहाल कर	३००००००	३२२५२९०	१०७.५१
वहाल विटौरी कर	१५००००००	२०४८५०	१.३७
सवारी साधन कर (साना सवारी)	१०००००	०	०
अन्य व्यक्तिगत आन्तरिक अनुदान	१०९४५०००	०	०
सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१८५०००	३०११००	१६२.७६
न्यायिक दस्तूर	२५००००	११३७०	४.५५
परीक्षा शुल्क	३५००००	१४०२००	४०.०६
अन्य प्रशासनिक सेवा शुल्क	२५०००००	११४७३५	४.५९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

नक्सापास दस्तुर	३००००००	६७००३६.३३	२२.३३
सिफारिश दस्तुर	१२०००००	२३१५९३२	१९२.९९
नाता प्रमाणित दस्तुर	११००००	८३२८५	७५.७१
अन्य दस्तुर	१००००००	४२१३३५०.५७	४२१.३४
प्रशासनिक दण्ड, जरिवाना र जफत	५०००००	९७४४०	१९.४९
धरौटी सदरस्याहा	५०००००	५०००००	१००
प्रदुषण नियन्त्रण शुल्क	३००००००	०	०
व्यवसाय कर	२५०००००	१७१४३७३.५	६८.५७
बेरुजु	०	३८२४९१.०८	-
जम्मा	**४७६४५०००.**	**१६७७८५३६.१३**	**३५.२२**

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०७७/७८ मा रु. ४७६४५००० असुली हुने अनुमान गरेकोमा रु.१६७७८५३६.१३ मात्र असुली गरेको छ जुन असुली अनुमानको ३५.२२ प्रतिशत मात्र हो । कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ । अनुमान अनुसारको असुली गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>राजस्व असुली: आर्थिक वर्ष २०७७/७८ मा यस पालिकाले असुली गरेको राजस्वको विवरण निम्नानुसार रहेको छ:-
<table>
<tr><th>सि.नं.</th><th>संकलन गर्ने</th><th>असुली राजस्व रकम</th></tr>
<tr><td>1.</td><td>नगर कार्यपालिको कार्यालय</td><td>१०४०१६७८.४९</td></tr>
<tr><td>2.</td><td>१ नं. वडा कार्यालय</td><td>२९२५१८.५</td></tr>
<tr><td>3.</td><td>२ नं. वडा कार्यालय</td><td>४९३२१६.५</td></tr>
<tr><td>4.</td><td>३ नं. वडा कार्यालय</td><td>३४१६०८</td></tr>
<tr><td>5.</td><td>४ नं. वडा कार्यालय</td><td>४२७२०६.८</td></tr>
<tr><td>6.</td><td>५ नं. वडा कार्यालय</td><td>४२४१३६.७५</td></tr>
<tr><td>7.</td><td>६ र ७ नं. वडा कार्यालय</td><td>६३८७९०.७३</td></tr>
<tr><td>8.</td><td>८ नं. वडा कार्यालय</td><td>५९२४९५.६२</td></tr>
<tr><td>9.</td><td>९ नं. वडा कार्यालय</td><td>५२५६१९.५</td></tr>
<tr><td>10.</td><td>१० नं. वडा कार्यालय</td><td>४२७१५४.५</td></tr>
<tr><td>11.</td><td>११ नं. वडा कार्यालय</td><td>७५४२७४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५३१८६९९.३९</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताहरुको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>ढिला दाखिला: आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ ले गरेको व्यवस्था अनुसार प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले वर्षमा २-३ पल्ट मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धीत पक्षको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.४			**प्रदुषण नियन्त्रण शुल्क:** पालिकाको आर्थिक ऐन २०७७ को नोटमा ईन्दु शंकर चिनी मिलको उत्पादनको आधारमा प्रति क्वीन्टल ४ रुपयाँको दरले र नगरपालिका क्षेत्र भित्रका ईटा उद्योगहरुलाई उत्पादनका आधारमा प्रति ईटा ५ पैसाको दरले पैसाको दरले प्रदूषण नियन्त्रण शुल्क लगाईने उल्लेख छ ।उक्त चिनी मिलबाट गत आर्थिक वर्ष र यो वर्षसमेत कुनै रकम प्राप्त भएको देखिएन । विक्री रकम यकिन गरी पालिकाले कर असुल गर्नु पर्दछ । पालिकाको आर्थिक ऐन २०७७ को नोटमा पालिकाले हरिवन नगरपालिका क्षेत्रभित्र रहेका ईटा उद्योगहरुबाट उत्पादनको आधारमा प्रति ईटाँ ५ पैसाका दरले प्रदुषण नियन्त्रण शुल्क लगाउने उल्लेख छ ।उपलब्त्र विवरण अनुसार पालिका क्षेत्र भित्र १३ वटा ईटा उद्योग दर्ता भएको देखिए तापनि यो वर्ष प्रदुषण शुल्क प्राप्त भएको देखिएन। असुल हुन बाँकी प्रदुषण शुल्को लगतसमेत राखेको देखिएन । प्रदुषण उत्सर्जन गर्ने उद्योगबाट आर्थिक ऐन बमोजिमका शुल्क असुल गर्नु पर्दछ ।	

ईटा उद्योगको नाम	**दर्ता मिति**	**शुल्क प्राप्त अवधि**	**प्राप्त रकम**	**उक्त दरको आधारमा यो वर्ष सम्मको वक्योता**
मदन वाब ईटा उद्योग	२०७३।३।२०	हालसम्म प्राप्त नभएको	०	९००००
बमबम शंकर ईटा उद्योग	२०७३।३।२८	हालसम्म प्राप्त नभएको	०	९००००
अमर आधुनिक ईटा उद्योग	२०७३।३।३०	२०७५।७६	३००००	६००००
गोल्ड ईटा उद्योग	२०७३।५।३	हालसम्म प्राप्त नभएको	०	९००००
ओम बम शंकर ईटा उद्योग	२०७३।११।१९	२०७५।७६	३००००	६००००
चमेलीमाई आधुनिक ईटा उद्योग	२०७५।३।३१	हालसम्म प्राप्त नभएको	०	९००००
गाविन बाबा ईटा उद्योग	२०७५।३।३२	हालसम्म प्राप्त नभएको	०	९००००
मटन बाबा ईटा उद्योग	२०७५।३।३२	हालसम्म प्राप्त नभएको	०	९००००
न्यू नेपाल ईटा उद्योग	२०७५।३।३२	हालसम्म प्राप्त नभएको	०	९००००
बजरंग ईटा उद्योग	२०७५।४।१५	२०७५।७६	३००००	६००००
मैनाली विक्स इन्ड्रस्ट्रिज प्रा.लि.	२०७६।६।५	हालसम्म प्राप्त नभएको	०	९००००
न्यू माता दि ईटा उद्योग		२०७५।७६	३००००	६००००
होम ईटा उद्योग		२०७५।७६	३००००	६००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.५			**वन क्षेत्रको कर:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावार विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चितकोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यो वर्ष सामुदायिक वनबाट पालिकालाई आम्दानी प्राप्त भएको देखिएन । पालिका क्षेत्र भित्र रहेका सामुदायिक वनको विवरण समेत प्राप्त हुन सकेन । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहको विवरण राखी ऐन अनुसारको राजस्व असुली गर्नु पर्दछ ।	
२८.६			**सरसफाई सेवा शुल्क:** आ.व. ०७७।७८ को स्वीकृत दर बमोजिम सरसफाई शुल्क संकलन तथा फोहर मैला व्यवस्थापन गर्न रकम बानेश्वरी महिला समूहसंग रु. ६,००,००० को सम्झौता भएको देखिन्छ । उक्त सस्थाले यो वर्ष पालिकालाई रकम बुझाएको देखिएन । सम्झौता अनुसार पालिकालाई प्राप्त हुने रकमको अभिलेख राखी असूल गर्नु पर्दछ ।	
२८.७			**विज्ञापन शुल्क:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय निकायले विज्ञापन शुल्क लगाई असूल गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विज्ञापन शुल्क वापत आम्दानी गरेको देखिएन ।	
२९			**आय ठेक्काः**	
२९.१			नगरपालिकाले लेखापरीक्षणको क्रममा उपलब्ध गराएको श्रेस्ता अनुसार यस वर्ष निम्नअनुसार आय ठेक्का लागी २०७८ कात्तिक २ मा भएको सम्झौता वमोजिम रु.२२,८०,०००।- प्राप्त भइ रु. ४३,६७,४९७.०१ उठ्न वाँकि रहेको देखिन्छ। उठ्न वाँकी रकम आर्थीक कार्यविधि ऐन अनुसारको कारवाही गरी सम्वन्धितवाट असुल गर्नुपर्ने रु. (तालिका तल)	४,३६७,४९७
२९.२			नयाँबजार धरहरा (हरिवन ७ का गणेश प्रसाद प्रसाइ) को रु. १०२५००।-र सुखेपोखरी पोखरी ठेक्का(का.म.न.पा.७ का सर्भिस फर पिर) रु.५१००।- मिति २०७७।६।२३ मा वोलपत्र स्वीकृत भएकोमा लेखापरीक्षणको क्रममा सम्झौता पेश भएन। यस सम्वन्धमा नगरपालिकाले ठेक्का नलागेको जानकारी गराएको छ ।	
३०			**सडक वोर्डः**	

ठेक्का	**विवरण (ठेक्का प्रप्तकर्ता)**	**सम्झौता रकम**	**प्राप्त रकम**	**बाँकी**
खसि वजार	हरिवन-११का श्री शेख रेहान रेजा	४०८१०००.७७	१३०००००	२७८१०००.७७
मीना वजार	हरिवन-७ का श्री रोम वहादुर घिमिरे	१९८८१३९.२३	७८००००	१२०८१३९.२३
हरिवनवाट वाहिर जाने फलफुल तरकारी तथा कवाडी सेवा शुल्क	हरिवन-११का श्री इन्द्रवहादुर कार्की	५७८३५७.०१	२०००००	३७८३५७.०१
जम्मा		**६७४७४९७.०१**	**२२८००००**	**४३६७४९७.०१**

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०.१			**लागत साझेदारीः** सडक वोर्ड नियमावली २०६० को नियम ९ मा कुनै स्थानिय निकायको क्षेत्रभित्र पर्ने सडकको मर्मत सम्भार कार्यको लागी लाग्ने कुल रकमको कम्तीमा नगरपालिकाले तीस प्रतिशत ब्यहोर्नुपर्ने ब्यवस्था छ। नगरपालकाले सडक वोर्डवाट स्वीकृत देहायका सडक मर्मत गर्दा नियमावली वमोजिम रु. ११,२३,५६१/३३ लागत ब्यहोर्नु पर्नेमा ब्यहोरेको पाइएन । नियमावलीले तोकेवमोजिम नगरपालिकाले लागत साझेदारी गर्नुपर्दछ । **योजनाको नाम** | **अन्तीम मूल्यांकन** | **नगरपालिकाले ब्यहोर्नु पर्ने रकम रु.** रामफल कुटी हुदै रामहरी मैनालीको घर हुदै जर्घाटोल जोड्ने सडक | १८७४२८९.४४ | ५६२२८६.८३ शाही वोर्डिङ देखि तित्रीगाडी हुदै राना टोल सम्मको सडक मर्मत | १८७०९१५ | ५६१२७४.५ **जम्मा** | | **११२३५६१.३३**	
३०.२			सडक वोर्डवाट २०७८।३।३ को पत्र अनुसार सडक मर्मत सम्भारको लागी (योजनाको नाम प्राप्त हुन सकेन) नगरपालिकामा रु.२०,७०,०००।– प्राप्त भएकोमा उक्त योजना कार्यान्वयन नभइ मौज्दात वाँकी रहेको पाइयो । योजना सञ्चालन नभइ वाँकी रहेको रकम सो योजनामा आगामी वर्षको लागी खर्च गर्न सडक वोर्डबाट स्वीकृत लिनुपर्ने अन्यथा फिर्ता गर्नुपर्ने देखिएको रु.	२,०७०,०००

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१	४२०	२०७७-१२-२०	**जग्गा नापी खर्च:** ऐलानी जग्गा तथा नक्सानुसार सडक छुट्याउनका लागि अमिन खर्च उपभोक्ता समितिसँग २०७७/१०/२७ मा सम्झौता भई २०७७/११/२८ मा काम सम्पन्न गरी सम्झौता बमोजिमको रु.५०००० भुक्तानी दिएको पाइयो । जसमा ६ जनाले अमिनको सहयोगी भई काम गरेको भनी भरपाई गरी निम्नानुसारको रकम बुझेको श्रेस्तासाथ संलग्न भरपाईबाट देखिन्छ । टावर होटल एण्ड लजको विजक नं. २५३ मिति २०७७/११/९ को ६० वटा खाना र नास्ताको जम्मा रकम रु. ३१०००.०० उल्लेख भएको बिल समेत श्रेस्ता साथ संलग्न छ । यसरी ऐलानी जग्गा तथा नक्सानुसारको बाटो निकाल्नका लागि अमिन खर्च शिर्षकमा बजेट छुट्याई खाना नास्ता र अमिनको सहयोगी भई काम गरेको भनी भरपाई गराई बजेट खर्च गरेको नियमसम्मत नदेखिएको रु.	५०,०००

सि.नं.	अमिनको सहयोगी	दिन	दर	बुझेको रकम	कैफियत
१.	दल भुजेल	१०	४८०	४८००	उपभोक्ता समितिको अध्यक्ष रामजी खड्काले वितरण गरेको । कुनै पनि व्यक्तीको स्पष्ट परिचय खुल्ने कागजात श्रेस्ता साथ संलग्न नदेखिएकोले रकम बुझ्ने व्यक्तीको परिचय खुल्ने कागजात समेत पेश गर्नु पर्ने ।
२.	कृष्ण प्रसाद	१०	४८०	४८००	
३.	चक्र बहादुर	१०	४८०	४८००	
४.	भुवन	१०	४८०	४८००	
५.	दिनानाथ	१०	७००	७०००	
६.	धन	१०	७००	७०००	
जम्मा				**२८८००**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२</td><td></td><td></td><td>विवरण पेश गर्नु पर्ने:
पालिकाले आर्थिक वर्ष २०७७/७८ भर सम्पूर्ण सूचना प्रकाशन गर्ने गरी मिति २०७७ भाद्र २६ मा वार्षिक ४८५००० भुक्तानी दिने सम्झौता गरी उज्यालो अभियान मिडिया नेटवर्कलाई निम्नानुसार रु. ४२०००० भुक्तानी गरेको पाइयो । सूचना प्रकाशन गरेको कुनै विवरण संलग्न नगरी किस्ता किस्तामा भुक्तानी गरेको पाइयो । यसरी वार्षिक रुपमा सम्झौता गरी वर्ष भरी प्रकाशन गरिने सूचनाको संख्या समेत पूर्वानुमान नगरी दिएको भुक्तानी नियमसम्मत देखिदैन् । सेवा प्रदायकले सेवा प्रवाह गरेको विवरण पेश गर्नु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं.-मिति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>१३०-२०७७/७/५</td><td>१६००००</td></tr>
<tr><td>2</td><td>३९५-२०७७/१२/८</td><td>१६००००</td></tr>
<tr><td>३</td><td>६०५-२०७७/३/८</td><td>१०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४२००००</td></tr>
</table></td><td>४२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>
सोझै खरिद:
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले निम्न आपुर्तिकर्तासँग खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ टुक्रे विलको आधारमा निम्नानुसार रु.१२६९६९१.०० को सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गौ.भो.न./मिति</th><th>बजेट उपशिर्ष</th><th>विवरण</th><th>भुक्तानी लिने</th><th>रकम</th></tr>
<tr><td>१४४-२०७७/७/२३</td><td rowspan="7">चालु</td><td>सि.सि.टि.भि. क्यामेरा जडान</td><td>प्राड इन्जिनियरिङ्ग सोलुसन्स प्रा.लि.</td><td>३९९९६३</td></tr>
<tr><td>२८५-२०७७/१०/४</td><td>वडा नं. ५ मा फ्लोड बत्ती जडान</td><td>जि.पि.आर सप्लायर्स</td><td>२९९९५८</td></tr>
<tr><td>३३९-२०७७/१०/२७</td><td>औषधी खरिद</td><td>राजाबाबु फार्मेसी</td><td>१०००००</td></tr>
<tr><td>५८४-२०७८/३/१</td><td>औषधी खरिद</td><td>राजाबाबु फार्मेसी</td><td>५८८६८</td></tr>
<tr><td>५८९-२०७८/३/३</td><td>मसलन्द तथा कार्यालय सामाग्री खरिद</td><td>न्यू नन्दनी ट्रेडर्स</td><td>२६२४४२</td></tr>
<tr><td>६४५-२०७८/३/१७</td><td>औषधी खरिद</td><td>राजाबाबु फार्मेसी</td><td>५००००</td></tr>
<tr><td>७१६-२०७८/३/२५</td><td>औषधी खरिद</td><td>शाह मेडिसिन्स</td><td>९८४६०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२६९६९१</td></tr>
</table>
</td><td>१,२६९,६९१</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
डि.पि.आर. खर्च:
वजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । नगरपालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । परामर्श खर्च सम्बन्धमा निम्न व्यहोरा देखियो:-
<table>
<tr><th>गो.भौ.नं.-मिति</th><th>ब.उ.शि.नं.</th><th>विवरण</th><th>परामर्श दाता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१४०-२०७७/११/१३</td><td rowspan="2">८०२१९४११००१</td><td>Preparation of Detailed Project Report(DPR) Of Harion Landfill site at Harion Municipality</td><td>निरमाण्डु कन्स्ट्रक्सन प्रा.लि.</td><td>१५२५५००</td></tr>
<tr><td></td><td>Preparation of Detailed Project Report (DPR) of Harion Industial Village at Harion Municipality</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			१६२-२०७७/११/०९			मेजर डिजाइन प्रा.लि.	१६८३७००	
			१२१-२०७७/११/०२		Feasibility Study, Master Plan, Detailed Engineeriong Survey, Soil Investigation, Detailed A&S Design, Cost Estimate nad Preparation of Detailed Project Report (DPR) of Sasapur Hospital at Harion Municipality Ward No:-4 Sarlahi	नेपाल केवलवेज कम्पनी प्रा.लि.	१७७९६५०	
			१४२-२०७७/११/१३		Preparation of Detailed Project Report (DPR) of Harion Children Park at Harion Municipality	सुगी कन्सल्टेन्ट प्रा.लि.	४९९७९९	
			१४१-२०७७/११/१३		Preparation of Detailed Project Report (DPR) of Harion Stadium at Harion Municipality	निरमाण्डु कन्स्ट्रक्सन प्रा.लि.	१३६४९९४	
			१७१-२०७७/१२/२३		Preparation of Detailed Project Report (DPR) of Harion Harion Water Supply Project at Harion Municipality	प्रयास इन्जीनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	१३५६०००	
			जम्मा				**८२०९६४३**	
			अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर. तयार गर्दा सम्भव भएसम्म नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग गरी कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका योजनाहरुमध्ये हरिवन ल्याण्डफिल साइड,हरिवन चिल्ड्रेन पार्क,हरिवन स्टेडियम र हरिवन खानेपानी योजना कार्यान्वयनमा गएको समेत नदेखिएकोले ती योजनाको लागी भएको डी.पी.आर. खर्चको सार्थकता देखिएन ।					

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>
अन्य निकायको खर्च:
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही वमोजिम अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । कार्यालयले अन्य कार्यालयको लागि गाडी मर्मत तथा भ्रमण खर्च वापत रु.१५२१३० भुक्तानी दिएको छ । संघीय सरकार अन्तर्गतका कार्यालयको लागि सम्बन्धित कार्यालयमा नै वजेट व्यवस्था हुने हुँदा अन्य कार्यालयको लागि खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>गौ.भौ.नं.मिति</th><th>विवरणा</th><th>खर्च रकम</th></tr>
<tr><td>८९-२०७७/६/२६</td><td>सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश हरिवनको गाडी मर्मत बापत द क्वालिटी मोटर पार्टसलाई भुक्तानी</td><td>७०९५०</td></tr>
<tr><td>४८३-२०७८/१/१५</td><td>सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश हरिवनको बा १ झ ८८६ नम्बरको गाडी मर्मत बापत हरी मोटर पार्टसलाई भुक्तानी</td><td>५६८०५</td></tr>
<tr><td>७२६-२०७८/३/२७</td><td>संघीय आयोजना इकाइका सव-इन्जिनियर राजेश कुमार मिश्र र सुपरभाइजर दिलिक कुमार कर्णलाई दैनिक भ्रमण भत्ता भुक्तानी</td><td>२४३७५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५२१३०</td></tr>
</table>
</td><td>१५२,१३०</td></tr>
<tr><td>३६</td><td>७६०</td><td>२०७८-३-२९</td><td>
पशु भ्याक्सिन कार्यक्रम:
नगरपालिका अन्तर्गतको वडा नं. ८ मा पशु भ्याक्सिन कार्यक्रम सञ्चालन गरी पशु भ्याक्सिन उपभोक्ता समितिलाई सम्झौता अनुसार रु.५०००० भुक्तानी दिएको छ । पालिकाको पशु सेवा शाखाले गर्ने कार्यमा वडाले बजेट छुट्याई उपभोक्ता समिति गठन गरी भुक्तानी लिएको नियमसम्मत नदेखिएको रु.
</td><td>५०,०००</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>
स्वकिय सचिव:
मधेस प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप-प्रमुखले स्वकीय सचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन I त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्नु नहुने उल्लेख छ I यसरी ऐनमा भएको व्यवस्था विपरीत पालिकाले निम्नानुसार नगर प्रमुख र उप-प्रमुखको स्वकीय सचिव नियुक्त गरी पारिश्रमीक भुक्तानी गरेको नियमित नदेखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>पदाधिकारी</th><th>स्वकीय सचिव</th><th>मासिक पारिश्रमिक</th><th>महिना</th><th>जम्मा पारिश्रमिक</th></tr>
<tr><td>१</td><td>नगर प्रमुख गणेश प्रसाद प्रसाई</td><td>युवराज आचार्य</td><td>२६६१०</td><td>१२</td><td>३१९३२०</td></tr>
<tr><td>२</td><td>नगर उप-प्रमुख रेनुका कुमारी पौडेल</td><td>नानीराम पौडेल</td><td>२६६१०</td><td>१२</td><td>३१९३२०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६३८६४०</td></tr>
</table>
</td><td>६३८,६४०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८	२९४	२०७७-१०-८	**वडा समिति वैठक भत्ता:** वडा नं. १ को वडा समितिको २०७७ श्रावण देखि पौष महिनासम्मको विभिन्न बैठकको बैठक भत्ता रु.२४३००० वडा सचिव अनिल कुमार सिंहलाई भुक्तानी दिएको छ । जसमा विभिन्न मितिका ३ वटा बैठकमा उपस्थित नभएको तर आमन्त्रित खण्डमा नगर उप-प्रमुख श्रीमती रेणुका कुमारी पौडेलको उपस्थितिको नाम मात्र उल्लेख गरी रु.३८२५ भुक्तानी लिएकोले सम्बन्धी वडा सचिवबाट असुल गर्नु पर्ने रु.	३,८२५
३९	७०६	२०७८-३-२४	**वैठक भत्ता:** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को बुँदा नं.१४(६) मा बैठकमा सहायक कर्मचारी, सहयोगी कर्मचारी र विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्यका रुपमा राख्न सकिने व्यवस्था रहेको छ । यस पालिकाको वडा नं. ९ को वडा समितीको बैठकमा कार्यालयका सहायक तथा सहयोगी कर्मचारी समेत नरहेका निम्नानुसारका व्यक्तीहरुलाई आमन्त्रण गरी बैठक भत्ता दिएको श्रेस्ता साथ संलग्न भत्ता बुझेको भरपाईबाट देखिन्छ । यसरी विशेषज्ञको रुपमा आमन्त्रण गरिएका सदस्यहरुलाई बैठकमा कुन विषयको लागि आवश्यक परेको हो र ति सदस्यहरु कुन विषयका विशेषज्ञ हुन भन्ने कुनै आधार प्रमाण बेगर भत्ता वितरण गरिएको नियसम्मत देखिदैन् । निम्नानुसारका सदस्यहरुलाई आमन्त्रण गर्नु पर्ने कारण र व्यक्तिको विशेषज्ञता खुलाई पेश गर्नु पर्ने अन्यथा भत्ता भुक्तानी लिई वितरण गर्नेबाट असुल गर्नु पर्ने रु.	१४,०२५

सि.नं.	**आमन्त्रित सदस्य**	**पद**	**बैठक संख्या**	**बैठकको दर**	**जम्मा**	**१५ करकट्टी**	**खुद भुक्तानी**
१.	माधव प्रसाद दहाल	उल्लेख नभएको	२	१५००	३०००	४५०	२५५०
२.	प्रेमराज खड्का		१	१५००	१५००	२२५	१२७५
३.	रामजी खड्का		२	१५००	३०००	४५०	२५५०
४.	खड्ग कु. थापा		३	१५००	४५००	६७५	३८२५
५.	उषा देवकोटा		१	१५००	१५००	२२५	१२७५
६.	पवित्रा रेग्मी		१	१५००	१५००	२२५	१२७५
७.	शंकर ब. थापा		१	१५००	१५००	२२५	१२७५
जम्मा					**१६५००**	**२४७५**	**१४०२५**

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>विल भरपाई पेश गर्नु पर्ने:
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकरी रकम खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार विभिन्न सामान खरिद गरी वितरण गरेको साथै छात्रावृती वितरणको लागि विद्यालयलाई दिएको भुक्तानी वितरण गरेको भरपाई संलग्न राखेको पाइएन् । वितरणको भरपाई पेश हुनु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ.नं.-मिति</th><th>विवरण</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>४५१-२०७८/१/६</td><td>सि अनिवार्य गणित १५६ थान सरस्वती स्टेशनरी स्टोर्सबाट खरिद</td><td>७००५९</td><td></td></tr>
<tr><td>२.</td><td>६०२-२०७८/३/७</td><td>त्रिपाल खरिद ६ पिस शिव शम्भु हार्डवयेरबाट खरिद</td><td>१५६९०</td><td></td></tr>
<tr><td>३.</td><td>६३१-२०७८/३/१४</td><td>चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पसलाई रु.७०००० र चतुर्भुजेश्वर जनता माध्यमिक विद्यालयलाई रु.८०००० छात्रवृत्ती वितरणको लागि भुक्तानी</td><td>१५००००</td><td></td></tr>
<tr><td>४.</td><td>६९२-२०७८/३/२२</td><td>चतुर्भुजेश्वर जनता माध्यमिक विद्यालयमा अध्ययनरत छात्रछात्राका लागि छात्रावृती</td><td>५००००</td><td></td></tr>
<tr><td>५.</td><td>७०९-२०७८/३/२४</td><td>श्री आधारभूत विद्यालय पटौनालाई १६५ थान ट्याक्सुट खरिद वातको भुक्तानी</td><td>२०००००</td><td></td></tr>
<tr><td>६.</td><td>७२१-२०७८/३/२५</td><td>श्री प्राथमिक विद्यालय पटौनालाई ५० थान ट्याक्सुट खरिद बापतको भुक्तानी</td><td>६००००</td><td>विजक नं. ०२५ मिति २०७८/३/२३ को सक्कल विल समेत पेश गर्नुपर्ने ।</td></tr>
<tr><td>७.</td><td>७२३-२०७८/३/२६</td><td>अति विपन्न जेहेनदार साथै फरक क्षमता भएका छात्र तथा छात्राहरुको लाग छात्रवृती वितरणका लागि चतुर्भुजेश्वर जनता वहुमुखी क्याम्पसलाई वडा नं.८ को सिफारिसमा रु.१००००० र वडा नं.११ को सिफारिसमा रु.१५०००००० भुक्तानी</td><td>२५००००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७९५७४९</td><td></td></tr>
</table></td><td>७९५,७४९</td></tr>
<tr><td>४१</td><td>३६३</td><td>२०७७-११-७</td><td>नियम विपरित भुक्तानी:
निजामती सेवा नियमावली, २०५० को नियम ११९क(३) मा नेपाल सरकारले तोके बमोजिमको पोशाक भत्ताप्रत्येक वर्षको चैत्र महिनाको तलबसँगै भुक्तानी गरिने व्यवस्था रहेको छ । पालिकाले २०७७ माघ महिनामा अनिवार्य अवकाश प्राप्त सत्यनारायण साफीलाई माघ महिनाको तलवसँगै रु.१०००० पोषाक भत्ता वापतको रकम भुक्तानी दिएको पाइयो । यसरी नियम विपरित दिएको भुक्तानी सम्बन्धीतबाट असुल गर्नु पर्ने रु.</td><td>१०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८७ मा कुनै कर्मचारी वा कामदारले रोजगारीबाट प्राप्त आयको गणना गरी नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा रोजगारदाताले अनुसूची १ बमोजिमको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कर्मचारीलाई तलब भत्ता भुक्तानी गर्दा बार्षिक करयोग्य आयमा नियमानुसार रु.२५४९०.०० (सामाजिक सुरक्षा करसमेत) करकट्टा गरी भुक्तानी दिनुपर्नेमा रु.१०५७५.०० मात्र कर कट्टा गरेको देखिएकोले नियमानुसार तिर्नुपर्ने बाँकी कर रकम असुल हुनुपर्ने देखिएको रु.	१४,९१५
४३			**पेश्की ब्यवस्थापनः**	
४३.१			सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) मा खरिद सम्झौता पश्चात पेश्की दिदा पहिलो पटक स्वीकृत पेश्की रकमको आधामा नवढ्ने गरी र वाँकी रकम कार्य प्रगतीका आधारमा दिन सकिने ब्यवस्था छ । साथै स्थानिय स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ठेक्का नं.९-२०७७।७८ सासापुर प्राथमिक अस्पताल निर्माण कार्यको लागी नगरपालिका र निर्माण ब्यवसायी चक्रेश्वरी ब्राइट जे.भी. वीच भएको सम्झौताको विशेष शर्तको ५७.१ मा पहिलो किस्ता पेश्की पाँच प्रतिशत र वाँकी सात प्रतिशत दोश्रो किस्तामा दिन सक्ने उल्लेख छ। नगरपालिकाले उक्त निर्माण कार्य रु.८,३७,०२,२९५।-(मु.अ.कर वाहेक)मा गर्ने गरी सम्झौता भएकोमा खरिद ऐन तथा सम्झौताको शर्त विपरित गो.भौ.नं. १-२०७८।३।२९ वाट रु.१ करोड पेश्की भुक्तानी गरेको पाइयो । खरिद ऐन तथा सम्झौताको शर्तको पूर्ण पालना गर्नेतर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।	
४३.२			नगरपालिका र निर्माण ब्यवसायी विकोइ धुलिखेल जे.भी.वीच ठेक्का नं.१७-२०७५।७६ ब्यवसायिक कम्प्लेक्स निर्माण गर्ने कार्यको लागि भएको सम्झौताको विशेष शर्तको ५७.३ मा सम्झौता वमोजिम ३० प्रतिशत कार्य प्रगती भएपछि ८० प्रतिशत कार्य अवधि भित्र सम्पूर्ण पेश्की फर्छ्यौट गरिसक्नु पर्ने ब्यवस्था छ। नगरपालिकाले निर्माण ब्यवसायीलाइ रु.२,२१,००,०००।- मोविलाइजेशन पेश्की दिएकोमा ३० प्रतिशत कार्यप्रगती भइ शुरु सम्झौता अवधी समाप्त भइसक्दा समेत यस वर्ष ८,२९,९८,५७९/८३ भुक्तानी हुदा रु.१,५७,१७,८०४/ ८३ मात्र पेश्की कट्टा गरी रु.५३,८२,१९५/१७ उक्त निर्माण ब्यवसायीको नाममा पेश्की वाँकी रहेको पाइयो । सम्झौताको शर्तको पूर्ण पालना गर्नेतर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।	

सि.नं.	विवरण	वार्षिक करयोग्य आय	कट्टी गर्नुपर्ने कर रकम	कट्टी गरेको कर रकम	कट्टी गर्नुपर्ने थप रकम
१	उपसचिव नवराज निरौला	५५७७१३	१६००४	५५७७	१०४२७
२	ज.स्वा.अ. शशिकान्त सिंह	४९९८७८	९४८६	४९९८	४४८८
जम्मा			**२५४९०**	**१०५७५**	**१४९१५**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**खरिद गुरुयोजनाः** हरिवन नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम ८ मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक रु.१० करोड भन्दा बढीको खरिद कार्यको खरिद गुरु योजना तयार गर्नुपर्ने व्यवस्था छ ।तर नगरपालिकाले हरिवन नगरपालिका रिङ्गरोड निर्माण वहुवर्षिय आयोजना कार्यक्रम अन्तर्गत रिङ्गरोड परिकल्पना अनुसारको वृताकार नक्सामा नगरक्षेत्रलाइ जोड्ने गरी सडकको रुट डिजाइन तथा गुरुयोजना वेगर विस्तृत सर्भे नगरी सडक विभागवाट स्वीकृत नर्र्स तथा स्पेशिफिकेशनलाइ ख्याल नराखी वडाले स्वीकृत गरे अनुरुप वडाका विभिन्न रुटमा सडक कालोपत्रे गर्ने भनी एकमुष्ठ लम्वाइ तथा औषत चौडाइ राखि लागत अनुमान तयार गर्ने र टुक्रयाई विभिन्न रुटमा निर्माण कार्य गर्ने, नियमावलीको उद्धेश्य अनुसार सम्झौताका वखत पूर्वानुमान नै गर्न नसकिएको कुनै विशिष्ट प्रकृतीको कार्य नगरी फिल्डको आवश्यकता भनी सम्झौतामा राखिएकै आइटममा सम्झौता भन्दा घटवढ परिमाणमा कार्य भएको उल्लेख गरी कार्यक्रम,लागत अनुमान, भएको निर्माण कार्य र नियमावलीको मक्सद वीचको तालमेल नमिलाइ यस वर्ष उक्त कार्यक्रममा रु.८,६९,४२,५९०।– खर्च गरेको पाइयो । व्यवस्थीत खर्च पद्धतीलाइ नगरपालिकाले विशेष ध्यान दिनु जरुरी देखिन्छ ।	
४५			**ननफाइलरः** मूल्य अभिबृद्धिकर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकासंग सम्झौता कागरेको निर्माण ब्यवसायी युनिग्लोवल कन्स्ट्रक्सनको (प्यान नं. ६०३२१३४३६) लेखापरीक्षणको क्रममा आन्तरिक राजस्व विभागको वेभसाइटमा प्यान नम्वर सर्च गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा २०७७ फागुन देखि मासिक कर विवरण समेत नबुझाई ननफाइलर भएको पाइएकोले नगरपालिकाबाट गो.भौ.नं.१९८-२०७८।१।१९ वाट ५० प्रतिशत कट्टा गरी भुक्तानी भएको मु.अ.कर रकम रु.४३५६१९ को कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	४३५,६१९
४६			**वीमाः** हरिवन नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम १२१ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको वाहेक दशलाख भन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन हुने गरी त्रुटि सच्याउने अवधीसम्म म्याद कायम हुने गरी विमा गराउनु पर्ने व्यवस्था छ ।नगरपालिकाले निर्माण व्यवसायीसंग सम्झौता गर्दा सम्झौताको विशेष शर्तमा निर्माण कार्यको लागि भएको सम्झौता रकमको ११५ प्रतिशतसम्मको वीमा गर्नुपर्ने व्यवस्था छ। वीमा वापत भुक्तानी भएको निर्माण कार्यको मात्र वीमा गरेको कागजात लेखापरिक्षणको क्रममा पेश भयो । यस वर्ष सम्झौता भएका तथा रनिङ्ग वील भुक्तानी भएका (वीमा वापतको रकम भुक्तानी नभएका) निर्माण कार्यको वीमा गरेको कागजात लेखापरीक्षणको क्रममा पेश भएन । निर्माण कार्यको जोखिम न्युनिकरणको लागी नियमावली तथा सम्झौताको शर्तमा भएको ब्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिसम्मको वीमा गराउनु पर्दछ ।	
४७			**गुणस्तर आश्वस्तता योजनाः** निर्माण कार्यको गुणस्तर कायम गर्न Standard Specification for Road and Bridge अनुसार निर्माण कार्यको गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी सोको पालना गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो व्यवस्था अनुसार प्रत्येक निर्माण कार्यको गुणस्तर परिक्षण सम्वन्धमा खरिद सम्झौतामा समावेश गरेको भए तापनि योजनाको Frequency अनुसार गुणस्तर परीक्षण भएको सुनिश्चित हुने अभिलेख रहेको छैन । सो योजना तयारगरी योजनामा तोकिएको Frequency अनुसार निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर अनुगमन गरी गुणस्तरीय तवरले सडक मर्मत तथा स्तरोन्नति र संरक्षण कार्य सम्पादन गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**लागत अनुमान तथा निर्माण कार्यः** लागत अनुमानलाई बढी भरपर्दो र यथार्थपरक वनाउन नगरपालिकाले सडक निर्माणको लागत अनुमान तयार गर्दा आवश्यकता अनुसार चेनेज खुल्ने गरी वनाइ स्विकृत लागत अनुमान अनुसार निर्माण कार्य गराउनुपर्नेमा निर्माण क्षेत्रको सर्भे नगरी एकमुष्ठ लम्वाइ तथा औषत चौडाइ राखि लागत अनुमान तयार गर्ने र टुक्रयाइ विभिन्न रुटमा निर्माण कार्य गर्ने गरेको पाइयो। निर्माण कार्यको क्षेत्र र रुट तथा चेनेज यकिन गरी सो अनुसार लागत अनुमान तयार गरी त्यसै क्षेत्र र रुट तथा चेनेजमा निर्माण कार्य गराउनुपर्दछ। साथै लागत अनुमान अनुसारकै कूल परिमाणमा कार्य गरेता पनि रुट फरक, चेनेज तथा विभिन्न लेयरमा परिमाण घटवढ भएमा सोको प्राविधिक कारण खुलाइ पूर्व स्वीकृति लिइ निर्माण कार्य गराउने तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।	
४९			**भेरिएशनः**	
४९.१			हरिवन नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम १२७ मा खरिद सम्झौताका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाइ भेरिएसन आदेशजारी गर्नसक्ने व्यवस्था छ । नगरपालिकाले भुक्तानी दिएको भेरिएसन सम्बन्धमा निम्न व्यहोरा देखियो:	
४९.२			नगरपालिकाले ठेक्का नं.१०-२०७६।७७ वडा नं.५ को विभिन्न स्थानमा सडक कालोपत्रे गर्ने कार्यको निर्माण व्यवसायी शक्ती निर्माण कम्पनी र नगरपालिका वीच रु. १,३५,०२,५७३।६३ (मु.अ.कर समेत) मा १५० दिनभित्र सम्पन्न गर्ने गरी २०७७।३।३ मा सम्झौता भएकोमा रु.१,४६,१४,७३९।३७ को कार्य सम्पन्न भई यसवर्ष रु.८७०६८०२।९२ भुक्तानी गरेको पाइयो।सम्झौताका वखत पूर्वानुमान गर्न सकिने कार्यको निम्नआइटममा शुरु बि.ओ.क्यू. भन्दा बढी परिमाणमा भुक्तानी गर्दा प्राविधिक पुष्ट्याई सहितको भेरियशन आदेश जारी गरेको देखिएन । एकमुष्ठ लम्वाइ तथा औषत चौडाइ राखि लागत अनुमान तयार गर्ने र टुक्रयाइ विभिन्न रुटमा निर्माण कार्य गरी फिल्डको आवश्यकता उल्लेख गरी सम्झौता भन्दा रु. २१,३२,०८३.८६ मा मु.अ.कर २,७७,१७०.९० समेत रु.२४,०९,२५४.७६ (१७.८४ प्रतिशत) वढि भुक्तानी भएको पाइयो । नगरकार्यपालिकाको २०७७ श्रावण १५ को वैठकले उक्त सम्झौताको लागी सम्झौता भन्दा माथीको भेरिएशन आदेश अनुसारको रकम भुक्तानीको लागी स्वीकृत गर्ने निर्णय गरेको छ । नियमावली वमोजिम भेरिएशन प्रकृयालाइ ब्यवस्थीत गर्न नगरपालिकाले ध्यान दिनुपर्दछ ।	
४९.३			ठेक्का नं.१४-२०७६।७७ वडा नं. २ को विभिन्न स्थानमा सडक कालोपत्रे गर्ने कार्यको निर्माण व्यवसायी महादेव निर्माण सेवा र नगरपालिका वीच रु. १,१८,२५,३९२/६६(मु.अ.कर समेत)मा १५० दिनभित्र सम्पन्न गर्ने गरी २०७७।३।५ मा सम्झौता भएकोमा रु.१,२९,९२,३४५/९८को कार्य सम्पन्न भई यसवर्ष रु.८३,८०,६१८/२२ भुक्तानी गरेको पाइयो।सम्झौताका वखत पूर्वानुमान गर्न सकिने कार्यको शुरु बि.ओ.क्यू. भन्दा बढी परिमाणमा भुक्तानी गर्दा प्राविधिक पुष्ट्याई सहितको भेरियशन आदेश जारी गरेको देखिएन । अतः नियमावलीको नियम १२७(१ख) मा पन्ध्र प्रतिशत सम्म भेरिएशन आदेश प्रमुखले स्वीकृत गर्न सक्ने ब्यवस्था भएकोमा भेरियशन आदेश स्वीकृति बेगर फिल्डको आवश्यकता उल्लेख गरी सम्झौता भन्दा रु. ११,६६,९५३/३२(९.८७ प्रतिशत) वढि भुक्तानी भएको पाइयो । नियमावली वमोजिम भेरिएशन प्रकृयालाइ ब्यवस्थीत गर्न नगरपालिकाले ध्यान दिनुपर्दछ।	
५०			**बढी भुक्तानीः**	
५०.१			हरिवन नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १३२ (१ख) मा खरिद सम्झौता बमोजिम सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । ठेक्का नं. ५-२०७६।७७ वडा नं. ११ को विभिन्न सडक कालोपत्रे कार्यको लागी निर्माण व्यवसायी मोक्तान कन्स्ट्रक्सनलाई अन्तीमबिल सम्म भुक्तानी गर्दा आईटम नं. ४.१ अन्तर्गत सव वेस कार्यको अद्यावधिक परिमाण २००९.०३ घनमिटरको भुक्तानी गर्नुपर्नेमा २१५६.८८ घनमिटरको भुक्तानी गरेको पाईयो । यसरी अद्यावधिक भन्दा १४७.८५ घनमिटर बढी परिमाणको रु.१२५८.१८।- प्रति घनमिटरको दरले हुने रु.१,८६,०२२ ।- मा मू.अ.कर रु.२४,१८२।- समेत वढि भुक्तानी असुल गर्नुपर्ने रु.	२१०,२०४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.२			ठेक्का नं. १६-२०७६।७७ वडा नं. १० को विभिन्न सडक कालोपत्रे गर्ने कार्यको लागी निर्माण व्यवसायी कृष्ण कन्स्ट्रक्सनलाई भुक्तानी गर्दा रामजानकी मन्दिर देखी ११ नं. वडा सिमा खण्डको चेनेज १+००५ देखी १+०४५ मा प्रिमिक्स कार्पेट विछ्याउने कार्यको निम्नअनुसार अद्यावधिक परिमाण भन्दा वढि भुक्तानी भएको पाइयो। अद्यावधिक भन्दा वढि भुक्तानी रु.२,५३,२५०।- मा मू.अ.कर रु.३२,९२२।- समेत वढि भुक्तानी असुल गर्नुपर्ने रु.	२८६,१७२
५०.३			ठेक्का नं. ८-२०७६।७७ वडा नं. ७ को विभिन्न सडक कालोपत्रे गर्ने कार्यको लागी निर्माण व्यवसायी युनिग्लोवल कन्स्ट्रक्सन प्रा.ली.लाई अन्तीमबिल भुक्तानी गर्दा आईटम नं. ४.५ अन्तर्गत प्रिमिक्स कार्पेट विछ्याउने कार्यको अद्यावधिक परिमाण ४०१.५७ घनमिटरको भुक्तानी गर्नुपर्नेमा ४२०.८७ घनमिटरको भुक्तानी गरेको पाईयो । यसरी अद्यावधिक परिमाण भन्दा १९.३ घनमिटर बढी परिमाणको रु.८३५०।- प्रति घनमिटरको दरले हुने रु.१,६१,१५५ ।- मा मू.अ.कर रु.२०९५०।- समेत बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	१८२,१०५
५०.४			ठेक्का नं. १४-२०७६।७७ वडा नं. २ को विभिन्न सडक कालोपत्रे गर्ने कार्यको लागी निर्माण व्यवसायी महादेव निर्माण सेवालाई अन्तीमबिल भुक्तानी गर्दा आईटम नं. ४.५ अन्तर्गत प्रिमिक्स कार्पेट विछ्याउने कार्यको अद्यावधिक नापी परिमाण ४९५.२८ घनमिटर रहेकोमा विलमा ५२०.०४ घनमिटर उल्लेख गरी २४.७६ घनमिटर बढी परिमाण समावेश गरी भुक्तानी गरेको पाईयो । यसरी अद्यावधिक भन्दा २४.७६ घनमिटर बढी परिमाणको रु.८५००।- प्रति घनमिटरको दरले हुने रु.२,१०,४६०।- मा मू.अ.कर रु.२७३५९।- समेत वढि भुक्तानी असुल गर्नुपर्ने रु.	२३७,८१९

(५०.२ को तालिका)

आइटम	**भुक्तानी हुनुपर्ने कार्य परिमाण**	**भुक्तानी भएको कार्य परिमाण**	**फरक परिमाण**	**दर**	**रकम रु.**
सव वेस	५८.५	१०२	४३.५	७००	३०४५०
वेस कोर्स	४३.२	८१.६	३८.४	१५००	५७६००
प्राइमकोट	३३०	६८०	३५०	१००	३५०००
ट्याककोट	१९८	४०८	२१०	८०	१६८००
प्रिमिक्स सर्फेसिङ्ग	११.८८	२४.४८	१२.६	९०००	११३४००
जम्मा					**२५३२५०**
मु.अ.कर					**३२९२२**
कूल जम्मा					**२८६१७२**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०.५			नगरपालिकाले ठेक्का नं.१७-२०७५।७६ ब्यवसायिक कम्प्लेक्स निर्माण गर्ने कार्यको निर्माण व्यवसायी विकोइ धुलिखेल जे.भी.लाइ रनिङ विल भुक्तानी गर्दा आईटम नं.१ अन्तर्गत साइड क्लियरेन्स कार्यको अद्यावधिक परिमाण १८२९.८० वर्गमिटर मात्र रहेकोमा विलमा ६४१२६.५० वर्गमिटर उल्लेख गरी रु. ६४१२६५ भुक्तानी गरेको पाईयो । यसरी अद्यावधिक भन्दा ६२२९७.७ वर्गमिटर बढी परिमाणको रु.१० ।- प्रति वर्गमिटररु.६,२२,९६७।- मा मू.अ.कर रु.८०९८५।- समेत वढि भुक्तानी असुल गर्नुपर्ने रु.	७०३,९५२
५१			**ठेक्का नं. ११-२०७६।७७:** नगरपालिकाले वडा नं.३ को विभिन्न स्थानमा सडक कालोपत्रे गर्ने कार्यको निर्माण व्यवसायी जल्केश्वर कन्स्ट्रक्सन रठेक्का नं.११-२०७६।७७: नगरपालिकाले वडा नं.३ को विभिन्न स्थानमा सडक कालोपत्रे गर्ने कार्यको निर्माण व्यवसायी जल्केश्वर कन्स्ट्रक्सन र नगरपालिका वीच रु. १,०७,७४,०१६/६२ (मु.अ.कर समेत) मा १५० दिनभित्र सम्पन्न गर्ने गरी २०७७।२।७ मा सम्झौता भएकोमा रु.८३,८६,२८१।- को कार्य सम्पन्न भई यसवर्ष रु.८३,८६,२८१।- भुक्तानी गरेको पाइयो । उक्त सम्झौताको २०७७।४।१५ कार्यपालिकाको निर्णयले ६ महिना म्याद थप भएकोमा २०७८ आषाढ मसान्तसम्म कार्यसम्पन्न भएको पाइएन साथै उक्त निर्माण कार्यका सम्वन्धमा निम्न ब्यहोरा रहेका छन्ः (क) विशेष शर्तको १९.१ मा त्रुटि सच्याउने अवधिसम्म निर्माण कार्य,प्लान्ट तथा निर्माण सामाग्रीको सम्झौता मुल्यको न्युनतम ११५ प्रतिशत वरावरले हुने रकम वीमा गराउनुपर्ने ब्यवस्था भएकोमा २०७७ असोज ३० वाट १२ महिना वीमाको म्याद भएको वीमालेख पेश भएकोले निर्माण ब्यवसायीले उक्त निर्माण कार्य,प्लान्ट तथा निर्माण सामाग्रीको वीमाको म्याद थप गराउनु पर्दछ। (ख) हरिवन नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १३२ (१ख) मा खरिद सम्झौता बमोजिम सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस निर्माण कार्यको प्रथम तथा दोश्रो रनिङ वीलको भुक्तानी दिदा चेनेज खुल्ने विस्तृत नापी किताव वेगर क्रमश गो.भौ.नं. ४३-२०७७।७।२३ वाट रु.३८,९९,७८८.२० र ५१-२०७७।८।१९ वाट रु. ४४,८६,४९२.८० भुक्तानी गरेको पाइयो। अतः प्राविधिक नापजाँच गरी स्पष्ट रुपमा चेनेज खुल्ने विस्तृत नापी कितावको आधारमा नगरपालिकाले रनिङ्ग बिल वा अन्य कुनै विजकको भुक्तानी गर्नुपर्दछ। (ग) सडक विभागवाट स्वीकृत स्ट्याण्डर्ड स्पेसिफिकेशन २०७३(संसोधन २०७५) को section १३०० मा premix प्रविधिको पिचमा ०.४ देखि ०.६ के.जी ले १ वर्गमीटर tack coat गर्न सकिने उल्लेख छ । तर नगरपालिकाले यस निर्माण कार्यको प्रथम तथा दोश्रो रनिङ वीलको भुक्तानी दिदा चेनेज खुल्ने विस्तृत नापी किताव संलग्न नगरी bituminous coats for surface dressing (tack coat)को ६८००लिटर bituminous coats प्रयोग भएको भनी भुक्तानी भएकोमा विस्तृत नापी किताव संलग्न नभएको कारण surface area यकिन नभइ स्ट्याण्डर्ड स्पेसिफिकेशन अनुसार bituminous प्रयोग गर्नुपर्ने अधिकतम वास्तविक परिमाण यकिन भएन ।यस सम्वन्धमा नगरपालिकाले स्ट्याण्डर्ड स्पेसिफिकेशन अनुसार tack coat वापत भुक्तानी हुनुपर्ने रकम यकिन गर्नुपर्दछ। (घ) सडक विभागवाट स्वीकृत स्ट्याण्डर्ड स्पेसिफिकेशन २०७३(संसोधन २०७५) को section १३११ मा premix प्रविधिको पिचमा 20mm thickness भएको premix surfacing (कालोपत्रे)गर्न सकिने उल्लेख छ ।अन्यमा जस्तै यस ठेक्कामा पनि नगरपालिकाले 40mm thickness भएको premix surfacing को लागत अनुमान तयार गरी सम्झौतामा राखी ३५५ घ.मी.को भुक्तानी गरेको पाइयो । विस्तृत नापी किताव संलग्न नभएको कारण surface area यकिन नभइ premix surfacing वापतको थप ब्ययभार यकिन भएन ।नगरपालिकाले रनिङ वीलको भुक्तानी गर्दा चेनेज खुल्ने विस्तृत नापी किताव संलग्न गर्नुका साथै सडक विभागवाट स्वीकृत नर्म्स तथा स्ट्याण्डर्ड स्पेसिफिकेशन अनुसार सडक निर्माण कार्य गर्नुपर्दछ। (ङ) यसका साथै नगरपालिकाले अन्य ठेक्का रनिङ वील भुक्तानी गर्दा प्रत्येक रनिडवीलको चेनेज वाइज विस्त्रित नापि किताव तयार गर्ने गरेको पाइएन । नियमावलीमा भएको ब्यवस्था वमोजिम प्रत्येक रनिडवीलको विस्तृत नापी किताव तयार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**स्टयाण्डर्ड स्पेशिफिकेशनको पालना नभएकोः** सडक विभागवाट स्वीकृत स्टयाण्डर्ड स्पेसिफिकेशन २०७३ को section १३११ मा premix प्रविधिको पिचमा 20mm thickness भएको premix surfacing (कालोपत्रे)गर्न सकिने उल्लेख छ । परिक्षण गरिएका देहायका ठेक्कामा नगरपालिकाले 40mm thickness भएको premix surfacing को लागत अनुमान तयार गरी सो अनुसार सम्झौतामा राखी भुक्तानी भएको पाइयो ।यस सम्वन्धमा छलफल हुदा पालिकाले २ लेयरमा ०.०३७ देखि ०.०३९ mm thickness प्रिमिक्स कार्पेट लेयिङ गरी भुक्तानी गरेको जनाएको छ। परिक्षण गरिएका देहायका ठेक्कामा Standard specification ले तोकेभन्दा देहाय अनुसार वढी नापी गरी भुक्तानी भएकोले देहाय अनुसार रु.८३,३३,३२२।-मा मु.अ.कर समेत रु.९४,६८,६५३।– नगरपालिकालाइ थप ब्ययभार परेको छ । निर्माण कार्य गराउँदा स्वीकृत नर्म्स तथा स्पेसिफिकेशन बमोजिम गराउनु पर्दछ ।	

ठेक्का नं.	योजनाको नाम	निर्माण व्यवसायी	surface area	20mm thickness राख्दा हुने परिमाण	भुक्तानी परिमाण	फरक परिमाण	दर	थप ब्ययभार रकम रु.
१६-२०७६।७७	वडा नं.१० मा सडक कालोपत्रे	कृष्ण कन्स्ट्रक्सन	१२२५८.४९	२४५.१७	४५०.७३	२०५.५६	९०००	१८५००४०
५-२०७६।७७	वडा नं.११मा सडक कालोपत्रे	मोक्तान कन्स्ट्रक्सन	११६२२	२३२.४४	४४९.३९	२१६.९५	१३०३१.१५	२८२७१०८
८-२०७६।७७	वडा नं.७ मा सडक कालोपत्रे	युनिग्लोवल कन्स्ट्रक्सन प्रा.ली.	१०२९६.५९	२०५.९३	४२०.८७	२१४.९४	८३५०	१७९४७४९
१४-२०७६।७७	वडा नं.२मा सडक कालोपत्रे	महादेव निर्माण सेवा	१२६९९.५	२५३.९९	५२०.०४	२६६.०५	८५००	२२६१४२५
जम्मा								**८३३३३२२**
मु.अ.कर								**११३५३३१**
कूल जम्मा								**९४६८६५३**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३			**स्ट्याण्डर्ड स्पेशिफिकेशनको तोकेभन्दा वढि भुक्तानीः** Standard specification ले तोकेभन्दा वढी परिमाण भुक्तानीः सडक विभागवाट स्वीकृत स्ट्याण्डर्ड स्पेसिफिकेशन २०७३(संसोधन २०७५) को section १३०० मा premix प्रविधिको पिचमा ०.४ देखि ०.६ के.जी ले १ वर्गमीटर tack coat गर्न सकिने उल्लेख छ । तर नगरपालिकाले देहायको ठेक्कामा लागत अनुमान गर्दा specification ले तोकेभन्दा वढि tack coat को परिमाण राखि भुक्तानी भएको पाईयो । यस सम्वन्धमा छलफल हुदा पालिकाले २ लेयरमा प्रिमिक्स कार्पेट लेइङ गरेकोले ट्याककोट २ पटक गर्नु परेको कारण परिमाण वढेको जनाएको छ। २ पटक ट्याककोट गर्दा समेत भुक्तानी भएको परिमाण नर्म्स भन्दा वढि देखियो। परिक्षण गरिएका देहायका ठेक्कामा Standard specification ले तोकेभन्दा देहाय अनुसार वढी नापी गरी भुक्तानी भएकोले देहाय अनुसार रु.१२,९८,४२०।-मा मु.अ.कर समेत रु.१४,६७,२१४।– असुल गर्नुपर्ने देखिएको रु.	१,४६७,२१४

ठेक्का नं.	योजनाको नाम	निर्माण व्यवसायी	surface area	Track coat राख्नुपर्ने अधिकतम परिमाण (०.६*२ लि.।वर्गमिटर)	भुक्तानी परिमाण	फरक परिमाण	दर	वढी रकम
१६-२०७६।७७	वडा नं.१० मा सडक कालोपत्रे	कृष्ण कन्स्ट्रक्सन	१२२५८.४९	१४७१०.१८	१७०९०.३	२३८०.१२	८०	१९०४०९
७-२०७६।७७	वडा नं. ८ मा सडक कालोपत्रे	आर.के.कन्स्ट्रक्सन	१२१५२.३	१४५८२.७६	१६८१४.६	२२३१.८४	४९	१०९३६०
९-२०७६।७७	वडा नं.६ मा सडक कालोपत्रे	अमृता कन्स्ट्रक्सन	११४०७.५३	१३६८९	१६३३६	२६४७	८०	२११७६०
५-२०७६।७७	वडा नं.११मा सडक कालोपत्रे	मोक्तान कन्स्ट्रक्सन	११६२२	१३९४६.४	१६२८८.९३	२३४२.५३	११६.८३	२७३६७७
८-२०७६।७७	वडा नं.७ मा सडक कालोपत्रे	युनिग्लोवल कन्स्ट्रक्सन प्रा.ली.	१०२९६.५९	१२३५५.९	१५७४४.४६	३३८८.५६	६६.८	२२६३५५
१५-२०७६।७७	वडा नं.४ मा सडक कालोपत्रे	महतो कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी	११२८५.१	१३५४२.१२	१६९१६.९४	३३७४.८२	८५	२८६८५९
जम्मा								**१२९८४२०**
मु.अ.कर								**१६८७९४**
कूल जम्मा								**१४६७२१४**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४			**कोर कटिङ्ग टेष्ट रिपोर्टः** निर्माण कार्यको गुणस्तर कायम भएको विषयमा आस्वस्त हुन स्पेसिफिकेशन बमोजिमको नमूना परीक्षण गराई प्रतिवेदन लिनु पर्दछ । नगरपालिकाद्वारा निर्माण भएका सडकको गुणस्तर परिक्षण गर्न कोर कटिङ् टेष्ट भएको पाइएन । सडकको लागि तोकिएको मापदण्ड अनुसार गुणस्तरीय काम भएको सुनिश्चित गर्न गुणस्तर परीक्षण गराउनु पर्दछ ।	
५५			**नर्म्सको पालना:** नगरपालिकाले यस वर्ष सडक निर्माणका लागि लगाएको ठेक्काको लागतअनुमान तयार गर्दा सडक विभागवाट स्वीकृत नर्म्स तथा स्पेसिफिकेशन अनुसार लागत अनुमान तयार गरी सम्झौता गर्नुपर्नेमा उक्त नर्म्स तथा स्पेसिफिकेशनको पालना गरेको पाइएन ।नगरपालिकाले सडक तथा पुल निर्माणको लागत अनुमान तयार गर्दा सडक विभागवाट स्वीकृत स्ट्याण्डर्ड स्पेसिफिकेशन २०७३(संसोधन २०७५) तथा नर्स्स २०७५ को पालना तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ।	
५६			**औद्योगिक ग्रामः**	
५६.१			औद्योगिक ग्राम विकासको लागी कम्पाउण्ड वाल निर्माण गर्न रु. ९२,१३,३५७।३० लागत अनुमान तयार गरी नगरपालिकावाट रु.९२,००,०००।– ब्यहोर्ने गरी २०७७।३।२५ मा सम्पन्न गर्ने गरी औद्योगिक ग्राम विकासको लागी कम्पाउण्ड वाल निर्माण उपभोक्ता समितिसँग २०७७।३।४ मा सम्झौता भएकोमा उक्त कार्य सम्झौता अवधीमा सम्पन्न नभइ यस वर्ष रु.८७,४४,८४८।– भुक्तानी भएको छ। हेभी कोटेड हेग्जागोनल ग्याविन वक्समा ढुङ्गा भर्ने काम सहित प्रति जाली रु.६१६७.५७ का दरले लागत अनुमान तयार गरी सोही अनुसार ६७२ थानको रु.४१,४४,६०७।-भुक्तानी भएकोमा लेखापरीक्षणको क्रममा स्थलगत निरिक्षण गर्दा मेशिनवाट निर्मित squire जालीमा ढुङ्गा भर्ने काम गरेको पाइयो । ग्याविन जालीको स्पेसिफिकेशन तथा लागत अनुमान हेक्जा गोनल रहेकोमा मेसिनबाट बनेको squire जालीमा ढुङ्गा भरेको देखिएकोले जालीको वास्तविक परिमाण यकिन भएन । साथै ७ थान ग्यावियन जाली भत्केको अवस्थामा पाइयो । उक्त कार्य उपभोक्ता समितिवाट मर्मत गराई फरक स्पेसिफिकेशनबाट भएको कार्य अनुसार वास्तविक भुक्तानी गर्नु पर्ने रकम सम्वन्धमा नगरपालिकाले यकिन गरी उपभोक्ता समितिबाट असुल उपर गर्नु पर्ने रु. भत्केको ग्यावियन जाली	४,३५७,२१५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६.२</td><td></td><td></td><td>तटवन्ध ड्यामको लागी मेशिनद्धारा माटो खन्ने (स्काभेटर भाडा भुक्तानी तथा फोटो पेश भएकोले) कामको दर विष्लेषण अनुसार प्रति घनमिटर रु.५१.५ का दरले भुक्तानी गर्नुपर्नेमा प्रति घनमिटर रु.१००।-का दरले ४३८३.६८ घनमिटरको भुक्तानी गर्दा वढि भुक्तानी भएको रु.२,१२,६०८।-असुल गर्नुपर्ने रु.</td><td>२१२,६०८</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>योजना हस्तान्तरणः
हरिवन नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम १०७(१३) मा उपभोक्ता मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि नगरपालिकाले सोको रेखदेख,मर्मतसम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाइ हस्तान्तरण गर्नुपर्ने ब्यवस्था छ । सो अनुसार पालिकाले यस वर्ष कार्यसम्पन्न भएका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाइ हस्तान्तरण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>बढी भुक्तानीः</td><td></td></tr>
<tr><td>५८.१</td><td></td><td></td><td>(क) निम्न उपभोक्ता समितिलाइ इनार निर्माणको लागी माटो खन्ने काममा देहायअनुसार वढि परीमाणको भुक्तानी भएको रकम रु.१,८९,८०५।-असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>उ.स.</th><th>भुक्तानी हुनुपर्ने परिमाण</th><th>भुक्तानी भएको परिमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>रकम रु.</th></tr>
<tr><td>२९१-२०७८।३।२०</td><td>खडग वहादुर कार्कीको घर नजिक इनार निर्माण उ.स.</td><td>१८.०७</td><td>२४.८१</td><td>६.७४</td><td>४४८९.५</td><td>३०२५९.२३</td></tr>
<tr><td>३४८-२०७८।३।२८</td><td>वच्चु तिवारीको घर नजिक इनार निर्माण उ.स.</td><td>२०.५४</td><td>२८.०७</td><td>७.५३</td><td>४४८९.५</td><td>३३८०५.९३</td></tr>
<tr><td>३५१-२०७८।३।२८</td><td>रामेश्वर साह तेलीको घर अगाडी इनार निर्माण उ.स.</td><td>१८.०७</td><td>२४.८१</td><td>६.७४</td><td>४२२८.९२</td><td>२८५०२.९२</td></tr>
<tr><td>३५२-२०७८।३।२८</td><td>मनोज चौधरीको घडेरीमा इनार निर्माण उ.स.</td><td>१८.०७</td><td>२४.८१</td><td>६.७४</td><td>४२२८.९२</td><td>२८५०२.९२</td></tr>
<tr><td>३५६-२०७८।३।२८</td><td>वागसिह मोक्तानको घर नजिक इनार निर्माण उ.स.</td><td>२०.९३</td><td>२८.६७</td><td>७.७४</td><td>४४८९.५</td><td>३४७४८.७३</td></tr>
<tr><td>३५७-२०७८।३।२८</td><td>देवनारायण चौधरीको घर नजिक इनार निर्माण उ.स.</td><td>२०.६७</td><td>२८.२४</td><td>७.५७</td><td>४४८९.५</td><td>३३९८५.५१</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१८९८०५</td></tr>
</table>
(ख) नगरपालिकाले ३५२-२०७८।३।२८ वाट मनोज चौधरीको घडेरीमा इनार निर्माण गरी उपभोक्ता समितिलाई रु.२,००,०००।-भुक्तानी दिएको पाइयो । सार्वजनिक उपयोगको इनार ब्यक्तीगत जग्गामा निर्माणको लागि नगरपालिकावाट भएको भुक्तानी उपयुक्त देखिएन ।लाभग्राही सवैले उपयोग गर्न वाधा नपर्ने गरी सार्वजनिक स्थलमा यस्ता सार्वजनिक उपयोगको निर्माण कार्य गर्नुपर्दछ ।</td><td>१८९,८०५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८.२</td><td></td><td></td><td>बढी भुक्तानी: निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स अनुसार तयार गर्नु पर्दछ । पालिकाले देहायका सडक ढलान गर्दा सडक विभागद्वारा जारी गरिएको नर्म्सभन्दा फरक तरिकाले लागत अनुमान तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी रकम भुक्तानी दिएकोले परीक्षण गरिएका देहायका उपभोक्ता समितिलाई देहाय अनुसार रु.३८२५११.०० बढी भुक्तानी दिइएको देखिएको छ । बढी भुक्तानी दिएको रकम सम्बन्धीत उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>उपभोक्ता समिति</th><th>कामको विवरण</th><th>परिमाण</th><th>हुनु पर्ने दर</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>केरावारी जाने सडक कल्भर्ट निर्माण उ.स.</td><td>पिसिसि फर आरसिसि</td><td>२६.४६</td><td>१००७५</td><td>१३१८४.९</td><td>८२२८८</td></tr>
<tr><td>गोपाल उप्रेतिको घर देखि कालिका मन्दीर जाने वाटो ढलान उ.स.</td><td>पिसिसि फर आरसिसि</td><td>१२०.०६</td><td>१००७५</td><td>११४१३.३७</td><td>१६०६८४</td></tr>
<tr><td>नुरी जाने मस्जिद देखि वालगंगा आधारभुत विद्यालय सम्मको जाने बाटो निर्माण उ.स.</td><td>पिसिसि फर आरसिसि</td><td>१०४.२६</td><td>१००७५</td><td>११४१३.३७</td><td>१३९५३८</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३८२५११</td></tr>
</table></td><td>३८२,५११</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>जटिल संरचना निर्माणः
हरिवन नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम १०७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायीक र अनुभवी निर्माण व्यवसायीक फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।
(क) हरिवन नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम १०७(११) मा उपभवक्ता समिति वा लाभग्राही समुदयले आफुले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ। कुनै निर्माण ब्यवसायी वा सवकन्ट्र्याक्टरवाट गराउन सकिने छैन भन्ने उल्लेख भएकोमा उपभोक्ता समितिले लिएको काम निर्माण ब्यवसायीवाट गराएको पाइयो ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**पाठ्यपुस्तक अनुदान:** शिक्षा विज्ञान तथा प्रविधि विकास मन्त्रालयवाट मिति २०७७।४।२७ मा स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको मार्गदर्शनको क्रियाकलाप नं. ३.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थिको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई आवस्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशतलाई अनुदान दिने, २०७७ वैशाखमा शुरुहुने शैक्षिक शत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन हुने रकममात्र थप अनुदान दिने उल्लेख छ । यो वर्ष पालिकाले ५ विद्यालयलाई ७५ प्रतिशतले हुने अनुदान रु. ४१८८८ पाठ्यपुस्तक अनुदान उपलव्ध गराएकोमा शैक्षिक शत्रको सुरुवातमै पुरा सेटमा पुस्तक उपलब्ध भए नभएको अनुगमन गरी उपलब्धताको सुनिश्चित गरेको देखिएन। साथै देहायका विद्यालयलाई दिएको अनुदानबाट पाठ्यपुस्तक किनेको विल तथा वितरण गरेको भरपाई पेश भएकोसमेत नदेखिएको रु.	४१,८८८

१	आधारभुत विद्यालय पटौना	२६९६१
२	जनजागृती प्रावि	४०९३
३	जनता प्रावि ब्रम्हस्थान हरिवन २	२७३५
४	शिवेश्वर प्रावि	२८६६
५	सर्वोदय जनता प्रावि	५२३३
जम्मा		४१,८८८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१</td><td></td><td></td><td>

छात्रवृत्ती:

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व २०७७।७८ को क्रियाकलाप नं ७.२.१.१ मा सार्बजिनक बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुका लागि EMIS प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सो का आधारमा विद्यालयहरुलाई छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था रहेको छ ।सो अनुसार पालिकाले विभिन्न २२ विद्यालयका छात्रा तथा दलित छात्रहरुलाई दिएको छात्र वृत्तिको वितरण अवस्था परीक्षण गर्दा देहायका विद्यालयले पेश गरेको छात्रवृत्ति पाउने विद्यार्थी संख्या तथा वितरण भरपाई भन्दा वढी निकासा हुन गई वचत रहेको रकम फिर्ता गरेको नदेखिएकोले असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नु पर्दछ रु.

<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आधारभुत विद्यालय पटौना</td><td>३८००</td></tr>
<tr><td>२</td><td>चतुर्भुजेश्वर जनता मावि</td><td>४१२००</td></tr>
<tr><td>३</td><td>जनजागृती मावि वेताली</td><td>१२८००</td></tr>
<tr><td>४</td><td>जनता प्रावि दनुवारी हरिवन ९</td><td>८००</td></tr>
<tr><td>५</td><td>जनता प्रावि ब्रम्हस्थान हरिवन २</td><td>६४००</td></tr>
<tr><td>६</td><td>जनसेवा मावि</td><td>२४००</td></tr>
<tr><td>७</td><td>प्रावि पटौना</td><td>१६००</td></tr>
<tr><td>८</td><td>प्रावि बालगंगा हरिवन ७</td><td>३२००</td></tr>
<tr><td>९</td><td>प्रावि भोम्टेनी</td><td>४००</td></tr>
<tr><td>१०</td><td>बाढीपिडित सुकमुम्बारी प्रावि</td><td>४००</td></tr>
<tr><td>११</td><td>सर्वोदय जनता प्रावि</td><td>१२००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७४२००</td></tr>
</table>

</td><td>७४,२००</td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**विद्यालय भौतिक पूर्वाधार विकास अनुदान :** नगर पालिकाले संघीय सशर्त अनुदानबाट निर्देशिका बमोजिम देहायका विद्यालयलाई विद्यालय भवन तथा पुस्तकालय भवन निर्माणको लागि ठेक्का व्यवस्था गरी रनिङ विल भुक्तानी दिएको र बाँकी रकम विद्यालय खातामा निकासा दिएको छ । उक्त कार्य समयमा पुरा गराई कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्दछ ।	
६३			**प्रविधि हस्तान्तरणः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को बुँदा नं ४१ (२) मा उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तीमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने र बुँदा नं ४१ (३)मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्तालै कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले प्रविधि हस्तान्तरण तर्फ रु. ४,१०,००० खर्च लेखेकोमा प्रविधि प्राप्त गर्ने उद्यमीबाट नगद जम्मा नगराई २० प्रतिशत रकम घटाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ विपरीत हुने गरी भुक्तानी दिएको देखिएकोले निर्देशिका अनुकुल देखिएन । प्रतिस्पर्धात्मक तरिकाले मुल्य निर्धारण गरी योगदान रकम पालिकाको खातामा जम्मा गराउने र आपुर्तिकर्तालाई पालिकाले खातामा बैक मार्फत भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ ।	

क्रम ६२ को तालिका:

विद्यालको नाम	**निर्माण व्यवसायी**	**सम्झौता रकम**	**पेश्की**	**पेश्की समेत विद्यालय खातामा निकासा**	**रनिङ विल प्राप्त रकम**
महादेव जनाता मा.वि.	नारायण कन्स्ट्रक्शन	८३९८६९१.१	०	१००००००।००	४२७४४१२।८१
जनजागृति मा.वि	ओमसाई कन्स्ट्रक्सन	५२४१३२८.१६	७०००००	५२४१३२८।१६	२०२८८९४।८०
जम्मा		१३६४००१९.२६	७०००००	१५२४१३२८।२०	६३०३३०७।६०

क्रम ६३ को तालिका:

भौचर नम्वर।मिति	**पाउने सस्था**	**रकम**
२८७।०७८।३।३०	सगरमाथा वाख्रापालन लघु उद्यमी समूह	३१९४१
	लाली गुराँस लघु उद्यमी समूह	१५०२२९
	होसन्ना बंगुर पालन समूह	९२२३०
	जम्मा	२७४४००
२७६।०७८।३।२९	शिवज्योती जुत्ता चप्पल लघुउद्यम	५४२४०
	आयुष जुत्ता चप्पल लघुउद्यम	८१३६०
जम्मा		**१३५६००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४			**शहरी शासकीय तथा पूर्वाधार आयोजना :** शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तरगतका १२ पालिकामध्ये श्रममूलक सार्वजनिक निर्माणको लागि यस पालिकामा रु.४,००,००,००० विनियोजन भएकोमा रु.३,९६,१०,६३४ खर्च भएको छ । शहरी शासकीय तथा पूर्वाधार आयोजनाको श्रममूलक आयोजना सञ्चालन निर्देशिकाले उप–आयोजनाको बजेट सीमा बढीमा २० लाख सम्मको हुने उल्लेख गरे अनुसार पालिकाले निकासा प्राप्त रकमबाटमात्र सञ्चालन गर्ने गरी वढीमा २० लाखसम्म लागत अनुमान भएका ३४ उप आयोजना छनौट गरी सञ्चालन गरेको छ । आयोजना सञ्चालनमा नगरपालिकाको आर्थिक सहभागिता रहेको छैन । कार्यक्रमको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:	
६४.१	७८	२०७८-३-३०	**बढी भुक्तानी** : शम्भु राईको घर देखि रामबावु राईको घरसम्म ढुङ्गा सोलिङ गर्न रु २०१६०४४ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग रु. २०,००,००० को सम्झौता भएको थियो । शहरी शासकीय तथा पूर्वाधार आयोजनाको श्रममूलक आयोजना सञ्चालन निर्देशिका अनुसार हाते औजारको लागि २.५ प्रतिशत, सुरक्षा सामग्रीको लागि २ प्रतिशत र अन्य विविधमा १.५ प्रतिशतसमेत जम्मा ६ प्रतिशतले हुने रु. १२०००० कट्टा गरी बाँकी रकम भुक्तानी दिनु पर्नेमा पालिकाले रु. ६०,००० मात्र कट्टा गरी भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रु.	६०,०००
६४.२			**सार्वजनिक परीक्षण :** शहरी पूर्वाधार तथा साशकीय सुधार आयोजना द्वारा जारी श्रममुलक सार्वजनिक निर्माण आयोजना सञ्चालन निर्देशिकाको सि.नं. ४.३ मा हरेक उपआयोजनाको अन्तिम हिसाव मिलान हुनु अगावै नगरपालिकाले सार्वजनिक परीक्षण गराउनु पर्ने उल्लेख छ। सो अनुसार कुनै पनि उपआयोजनाको सार्वजनिक परीक्षण गराएको प्रमाण पेश हुन आएन ।निर्देशिकाको पालना गरी खर्च लेख्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४.३			**बढी व्ययभार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही स्वीकृत नर्मस र जिल्ला दरको आधारमा गर्नु पर्ने उल्लेख छ । पालिकाले बाटो ढलान गर्न नेपाल सरकारबाट २०७५ मा स्वीकृत सडक विभागबाट जारी भएको नर्मस प्रयोग नगरी डोलीडारको सुपरस्ट्रक्चर छत, स्ल्याव, वीममा गर्ने ढलान (पीसीसी १:२:४) को नर्म्स प्रयोग गरी लागत अनुमान तयारी गरी सोही दरमा उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो । पालिकाले उक्त नर्मस अनुसार पीसीसी कार्यको प्रति घन मिटर रु.१२,८८३।३७ दर कायम गरेकोमा नेपाल सरकारद्वार स्वीकृत सडक तथा पुलको दर विष्लेषण सम्वन्धी नर्मस अनुसार पालिकाले प्रयोग गरेको सामग्री र शहरी शासकीय तथा पूर्वाधार आयोजनाको श्रममूलक आयोजना सञ्चालन निर्देशिकाले दक्ष कामदारको ज्याला दर रु.९५० प्रतिदिन र अदक्ष कामदारको दैनिक ज्यालादर हुने गरी निर्धारण गरेको ज्याला दर प्रयोग गर्दा प्रति घनमिटर रु. ८९०६।२५ मात्र हुने देखिन्छ । यसरी फरक नर्मसका आधारमा प्रति घनमिटर ३९५७।१२ बढी दर कायम गरेकोले लेखापरीक्षण गरिएका सडक ढलानको कार्यमा मात्र देहाय अनुसार रु.२१,१६,९००/– बढी भुक्तानी दिएको देखियो । वढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ रु.	२,११६,९००

भौचर नं. र मिति	**उप–आयोजना समिति**	**परिमाण**	**वढी दर**	**वढी भुक्तानी रकम**
४०।०७८।३।२९	उदय बहादुर मगरको घरदेखि राजकुमार ठाकुरको घरसम्म सडक ढलान	१०६.२२	३९५७।१२	४२०३२५
४१।०७८।३।२९	पेट्रोलपम्प पछाडीको टोलमा बाटो ढलान उ.स.	७४.३४	३९५७।१२	२९४१७२
४३।०७८।३।२९	बच्चु धामीको घर देखि बुनुवा दनुवारको घरसम्म बाटो ढलान	२७.९६	३९५७।१२	११०६४१
४९।०७८।३।२९	चापिनी तमाङ टोलमा सढक ढलान	१०६.०६	३९५७।१२	४१९६९२
५४।०७८।३।२९	तट्टुटोल हुँदै स्वास्थ्य चौकी जाने बाटो	११४	३९५७।१२	४५११९२
७१।०७८।३।३०	मेगा बैकको उत्तर पूर्व कृष्ण मन्दिर तल पूर्वबाट जाने सडक निर्माण उ.स.	१०६.३८	३९५७।१२	४२०९५८
जम्मा				**२११६९००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४.४			**टुल्स तथा प्लान्ट खर्च :** शहरी शासकीय तथा पूर्वाधार आयोजनाको श्रममूलक आयोजना सञ्चालन निर्देशिका अनुसार हाते औजारको लागि २.५ प्रतिशत, सुरक्षा सामग्रीको लागि २ प्रतिशत र अन्य विविधमा १.५ प्रतिशतसमेत जम्मा ६ प्रतिशतसम्म कन्टेन्सीज राख्न पाउने व्यवस्था अनुसार सो रकम छुट्याई औजार तथा उपकरण र सुरक्षा सामग्री खरिद गरेको देखिन्छ । औजारको लागि रकम छुट्याई खरिद गरी उपलब्ध गराएको अवस्थामा माटो खन्ने कार्यको लागत अनुमानमा टुल्स एण्ड प्लान्ट वापत पुन रकम जोडी लागत अनुमान तयार गरेकोले प्रति घनमीटर रु १४.०७ वढी दर कायम गरी उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो ।वढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ रु.	२१,९७५

भौचर नं. र मिति	उप–आयोजना समिति	परिमाण	वढी दर	वढी भुक्तानी रकम
४०।०७८।३।२९	उदय बहादुर मगरको घरदेखि राजकुमार ठाकुरको घरसम्म सडक ढलान	६५.०३	१४.०७	९१५
४१।०७८।३।२९	पेट्रोलपम्प पछाडीको टोलमा बाटो ढलान उ.स.	४७.०३	१४.०७	६६२
४९।०७८।३।२९	चापिनी तमाङ टोलमा सढक ढलान	६३.६४	१४.०७	८९५
५४।०७८।३।२९	तड्डटोल हुँदै स्वास्थ्य चौकी जाने बाटो	६६.८९	१४.०७	९४१
७१।०७८।३।३०	मेगा बैकको उत्तर पूर्व कृष्ण मन्दिर तल पूर्वबाट जाने सडक निर्माण उ.स.	६३.८७	१४.०७	८९९
७८।०७८।३।३०	शम्भु राईको घर देखि रामबावु राईको घरसम्म बाटोमा ढुङ्गा सोलिङ	१२५५.३९	१४.०७	१७६६३
जम्मा				**२१९७५**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४.५			**वढी व्ययभार** : शहरी शासकीय तथा पूर्वाधार आयोजनाको श्रममूलक आयोजना सञ्चालन निर्देशिकाले दक्ष कामदारको ज्याला दर रु.९५० प्रतिदिन र अदक्ष कामदारको दैनिक ज्यालादर रु. ६७० प्रयोग गर्न निर्देशन गरे अनुसार पालिकाले सोही दरमा लागत अनुमान तयार गरेको देखियो । यस जिल्लाको लागि तयार गरेको जिल्ला दररेट अनुसार दक्ष कामदारको दैनिक ज्याला दर रु. ८८० र अदक्ष कामदारको रु. ५७५ रहेको छ। जिल्लाको लागि निर्धारित ज्याला दर प्रयोग नगरी निर्देशिका अनुसारको ज्याला दर प्रयोग गरेको कारण लागत अनुमान परीक्षण गरिएका देहायका निर्माण कार्यमा मात्र देहाय अनुसार रु. ३,६८,७९९ लागत बढेको देखियो । निर्देशिकामा उल्लेख गरेको ज्याला दर स्थानीय ज्याला दर भन्दा वढी भएको अवस्थामा स्थानीय निकायले गर्ने निर्माणकार्यमा वढी लागत पर्न जाने, स्थानीय नियकाले सञ्चालन गर्ने अन्य विकास निर्माण कार्यहरु पनि प्रभावित हुने र स्थानीय दर भन्दा घटी ज्याला दर भएको जिल्ला तथा स्थानीय निकायहरुमा कम दरमा निर्माण कार्य गर्न गराउन कठिनाई पर्ने भएकोले निर्देशिका तयार गर्दा सम्वन्धित निकायले यस्ता पक्षहरुमा ध्यान दिनु पर्दछ ।	

उप–आयोजनाको विवरण	परिमाण	निर्देशिका वमोजिमको हुने रेट	स्थानीय ज्याला दरले हुने रेट	वढी रकम
१. झोलुङ्गे पुल पूर्व दक्षिण नदी किनारमा तटवन्ध निर्माण				
जाली वनाउने	१३२ थान	५६४.५	५०९.९५	७२००.६
ढुँगा भर्ने	१२९ घ.मी	७४०	६५१.२५	११४४८.७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				२. बच्चु धामीको घर देखि बुनुवा दनुवारको घरसम्म बाटो ढलान				
				खन्ने कार्य	२७.९६	४६९	४०२.५	१८५९.३४	
				ढलान (पीसीसी)	२२.९६	१२८६३.३७	१२१४२.३७	१६५५४.१६	
				३. उदय बहादुर मगरको घरदेखि राजकुमार ठाकुरको घरसम्म सडक ढलान				
				खन्ने कार्य	६५.०३	४६९	४०२.५	४३२४.५	
				ढलान (पीसीसी)	१०६.२२	१२८६३.३७	१२१४२.३७	७६५८४.६२	
				४. तट्टुटोल हुँदै स्वास्थ्य चौकी जाने बाटो				
				खन्ने कार्य	६६.८९	४६९	४०२.५	४४४८.१८	
				ढलान (पीसीसी)	११४	१२८६३.३७	१२१४२.३७	८२१९४	
				५. चापिनी तमाङ टोलमा सढक ढलान				
				खन्ने कार्य	६३.६४	४६९	४०२.५	४२३२।०६	
				ढलान (पीसीसी)	१०६.०६	१२८६३.३७	१२१४२.३७	७६४६९.२६	
				६. शम्भु राईको घर देखि रामबावु राईको घरसम्म बाटोमा ढुङ्गा सोलिङ	१२५५.३९	४६९	४०२.५	८३४८३.४३	
				जम्मा				**३६८७९८.९**	
६४.६			**लेखा व्यवस्था** : निर्देशिकाको सि.नं. ४.२.२ मा नगरपालिकाले उप–आयोजना कार्यान्वयन समितिबाट सार्वनजिक निर्माणको लाभग्राही सूचीमा नपरेको कामदारलाई ज्याला भुक्तानी नभएको, बजेट सीमा भन्दा बढी खर्च वा अन्य कार्यक्रममा खर्च नभएको तेस्रो पक्षलाई उपठेक्का वापत खर्च नभएको सुनिश्चित गर्नु पर्ने उल्लेख छ।त्यस्तै निर्देशिकाको सि.नं. २.२ (क) मा आयोजना कार्यान्वयन समितिले तेस्रो पक्षलाई ठेक्का दिन नपाउने उल्लेख छ । सो अनुसार उप–आयोजना कार्यान्वयन समितिबाट सुनिश्चित गराई भुक्तानीको लागि प्रस्तुत भएको देखिएन ।					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६४.७			**आन्तरिक लेखा परीक्षण :** शहरी पूर्वाधार तथा शाशकीय सुधार आयोजना द्वारा जारी श्रममुलक सार्वजनिक निर्माण आयोजना सञ्चालन निर्देशिकाको सि.नं. ४.३ मा नगर पालिकाहरुले आन्तरिक लेखापरीक्षणको व्यवस्था आफै गरेको भए तापनि श्रममुलक सार्वजनिक निर्माण खर्चको लेखापरीक्षणको लागि भने नगर पालिकाले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी हरेक चौमासिक अवधि समाप्त भएको ३० दिन भित्र आयोजना समन्वय कार्यालयमा पठाउनु पर्ने उल्लेख छ ।यस योजनाको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट नभएकोमा समेत आयोजना समन्वय कार्यालयले गम्भिरता पूर्वक लिएको देखिएन । निर्देशिकामा राखेको व्यवस्था कार्यान्वियन गराउनु पर्दछ ।	
६४.८			**घटी लम्वाईमा कार्य :** घटी लम्बाइमा कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने साथै नियम १२३ मा निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण गराएका कतिपय सडक निर्माण योजनाहरुमा लागत अनुमान तथा सम्झौतामा उल्लेख भएको लम्बाइभन्दा घटी लम्बाइमा ढलान भएको पाइयो । लम्बाइ घटे तापनि उक्त आइटमको कार्य परिमाण भने पुरै वा सोभन्दा बढी परिमाणको भुक्तानी गरेको पाइयो । कतिपय योजनामा नापी किताबमा चौडाइ वा उचाइ बढाएको कारणबाट पुरा लम्बाइमा सडक ढलान कार्य नभएको अवस्थामा पनि सम्झौता अनुसारको पुरै रकम भुक्तानी भएको अवस्था छ । यसरी घटी लम्बाइमा निर्माण कार्य भएको अवस्थामा पनि नमूना छनौट गरी परीक्षण गरिएका निम्नलिखित ३ योजनाहरुमा पुरै कार्य परिमाण वा काम भएको अनुपातमा बढी कार्य परिमाणको भुक्तानी दिएको सम्बन्धमा क्रस सेक्शन ड्रइङ्ग सहितको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने देखिएको रु.	३६७,५०६

भौचर नं. र मिति	**उप–आयोजना समिति**	**लागत अनुमानपरिमाण**		**नापी किताव अनुसार**		**काम भएको लम्वाई अनुपातमा हुने परिमाण घ मि**	**वढी परिमाण घ मि**	**दर**	**रकम**
		लम्वाई	परिमाण घ मि	लम्वाई	परिमाण घ मि				
५४।०७८।३।२९	तट्टुटोल हुँदै स्वास्थ्य चौकी जाने बाटो	२००	१०५	१८०	११४	९४.५४	१९.५	१२८६३.३५	२५०८३५
७१।०७८।३।३०	मेगा बैकको उत्तर पूर्व कृष्ण मन्दिर तल पूर्वबाट जाने सडक निर्माण उ.स.	२७५	१०२.९३	२६०	१०६.३८	९७.३१	९.०७	१२८६३.३५	११६६७१
जम्मा									३६७५०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५			**नाला निर्माण :** शास्त्री टोलमा नाला निर्माण कार्य गराई शास्त्री टोल नाला निर्माण उपभोक्ता समितिलाई रु.२९,९६,३८७ भुक्तानी दिएको छ ।उक्त भुक्तानी सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानसार छन् :	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५.१	१७	२०७८-२-२७	निर्माण कार्यको लागत अनुमान तयार गर्दा पालिकाले सडक तथा पुल निर्माण कार्यको लागि नेपाल सरकारबाट २०७५ मा स्वीकृत गरेको नर्मस अनुसार तयार गर्नु पर्दछ । उक्त नर्मस अनुसार पालिकाले प्रयोग गरेको निर्माण स्थलसम्म पुर्याउदाको निर्माण सामग्रीको दर र ज्याला अनुसार पीसीसी १:१.५:३ को प्रति घनमीटर लागत रु.१००७५।९० मात्र हुनेमा पालिकाले रु. १३१५१।२१ प्रयोग गरेकोले प्रति घनमिटर रु. ३०७५।३१ वढी दर कायम गरेको देखियो । नाला निर्माणको नापी किताव अनुसार जम्मा ८२.०६८ घनमिटर पीसीसी कार्यको भुक्तानी दिदा रु. २,५२,३८५ वढी भुक्तानी दिएको देखिन्छ । त्यस्तै वार सेड्युल नवनाई ६६४३.९४ केजी स्टीलको रु. ११८ को दरले रु. ७८३९८४।९२ भुक्तानी दिएकोमा सम्वन्धित प्राविधिकलाईनै वार सेड्युल तयार गरी परिमाण गणना गर्न लगाउँदा जम्मा ६५५३.०४ केजी (ओभर ल्यापिङ र वेस्टेज १० प्रतिशतसमेत) मात्र प्रयोग भएको देखिएकोले ९०.९० केजी बढी स्टील बारको रु.११८ प्रति केजी का दरले रु. १०७२६ वढी भुक्तानी दिएको देखिएकोले सोसमेत जम्मा बढी भुक्तानी दिएको रकम सम्वन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्दछ रु.	१०,७२६
६५.२			उपभोक्ता समितिले मु.अ.कर समेत ९६.०५ प्रतिकेजी का दरले १०,००० केजी स्टील वार खरिद गरेको विल सम्लग्न गरी रु. ९६०५०० भुक्तानी लिएको देखियो । नाली निर्माणमा उपर्युक्त बमोजिम वार सेड्युल अनुसार जम्मा ६५५३.०४ केजी स्टील बार प्रयोग भएको देखिएकोले मौज्दात देखिएको ३४४६.९६ केजीको प्रति केजी ९६ को दरले हुने रु. ३,३०,९०८ पालिकाले फिर्ता लिई प्रमाण पेश गर्नु पर्ने देखिएको रु.	३३०,९०८
६६	३६	२०७८-३-२५	**मेशिनले खनेकोमा मानिसको दर बाट भुक्तानी :** कैलासपुरी धार्मिक तथा पर्यटकीय क्षेत्र विकास समितिलाई वाटो स्तर उन्नतीको लागि रु. ५,००,००० भुक्तानी दिएको छ । सो क्षेत्रमा रोड साईड कटीङको ८९७ घनमिटरको लागि मानिस लगाई माटो खन्ने दर प्रति घनमिटर ३४६.०८ को दरले रु. ३,१०,४३३।७६ भुक्तानी दिएको देखियो । उपभोक्ता समितिले भुक्तानीको लागि पेश गरेको फाईल परीक्षण गर्दा अनवेश कन्सट्रक्सनलाई १० घण्टाको डोजर भाडा रु. २२,६०० भुक्तानी दिएको देखिन्छ । पालिकाले तयार गरेको दर विष्लेषण अनुसार मेशीनले खनेको दर प्रति घनमीटर रु. ५१.५० रहेकोले सो अनुसार ८९७ घनमीटर माटो खन्ने कार्यको लागि रु. ४६,१९६ मात्र भुक्तानी दिनु पर्नेमा रु. ३,१०,४३३।७० भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रु. २,६४,२३७ असुल गर्नु पर्ने देखियो रु.	२६४,२३७
६७	४१	२०७८-३-२९	**दोहोरो भुक्तानी:** पालिकाले पेट्रोल पम्प पछाडीको टोलमा सडक ढलान कार्यका लागि उपभोक्ता समितिलाई कूल रु. १४१००००.०० खर्च लेखी रु.१३९१२३५.०० भुक्तानी दिएको देखियो । श्रेस्ता साथ संलग्न ढलान कार्यका लागि ज्याला भुक्तानी दिइएको भरपाईमा सुपरभाईजर जयदेव महतोले ज्याला बुझेको भरपाई देखिएन । महतोलाई सो समयमा पालिकाले दैनिक ज्यालादारीमा नियुक्त गरी पारिश्रमिक भुक्तानी दिएको देखिएकोले उपभोक्ता समितिलाई भुक्तानी भएको रु.४५६००.०० असुल गरी संघीय सञ्चितकोष दाखिला हुनु पर्ने रु.	४५,६००
६८	३	२०७७-९-१०	**झोलुङ्गे पुल निर्माण :** गणेश स्थान झोलुङ्गे पुल निर्माण कार्यको अन्तिम विल रु ४२,७७,८१२।४४ झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिएको छ ।झोलुङ्गे पुल निर्माण सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छ: (क) पालिका र उपभोक्ता समिति वीच भएको सम्झौताको सि.नं.१८ मा रु. ५ लाख भन्दा वढी लागत अनुमान भएका आयोजनाको सामाजिक परीक्षण गराउनु पर्ने र सि.नं. २० मा योजना सम्पन्न भएपछि फरफरखको प्रमाण पत्र लिनु पर्ने र आयोजना हस्तान्तरण लिई मर्मत सम्भारको ब्यवस्थासमेत उपभोक्ताले मिलाउनु पर्ने उल्लेख छ । सम्झौता अनुसार उक्त पुलको सामाजिक परीक्षण, फरफारख तथा हस्तान्तरण गरेको देखिएन । (ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिलाई कन्टिन्जेन्सी रकम कट्टा गरी भुक्तानी दिनु पर्ने उल्लेख छ। पुल निर्माण कार्यको अन्तिम विल रु. ४२,७७,८१२ मात्र रहेको र सो रकममा उपभोक्ताको योगदान रु. ८७१७९ कट्टा गरी रु. ४१,९०,६२३ मात्र भुक्तानी दिनु पर्नेमा सशर्त पूँजीगतबाट रु. ३५,००,००० र पालिका पूँजीगतबाट रु. ७,७२,३०३ समेत जम्मा रु. ४२,७२,३०३ भुक्तानी दिएकोले रु. ८१,६८० वढी भुक्तानी दिएको देखियो । कन्टेन्जेन्सी वापतको रकमसमेत उपभोक्तालाई भुक्तानी हुन गई वढी भुक्तानी भएको देखिएको उक्त रकम असुल गर्नु पर्दछ रु.	८१,६८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**उपभोक्ता समितिलाई दिएको कार्य ठेक्काबाट गराएको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टबाट गराउन नसिकिने उल्लेख छ।सोही नियमको नियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई सम्लग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्भौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सुचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिश गर्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष उपभोक्ता समितिबाट कार्य गराउने गरी सम्भौता गरेका फाईल तथा भुक्तानी परीक्षण गर्दा देहायका उपभोक्ताले देहाय अनुसार निर्माण व्यवसायीबाट कार्य गराएको देखियो:	
६९.१	४२	२०७८-३-२९	प्रदेश सरकार सशर्त अनुदानबाट अत्रौली कृष्ण मन्दिर देखि बमबहादुर रखालटोल जाने सडक ढलान गर्न रखालटोल जाने सडक ढलान उपभोक्ता समितसँग भएको सम्झौता अनुसार रु. २९,९८,३३८।८२ भुक्तानी दिएको छ ।रखालटोल जाने सडक ढलान उपभोक्ता समितिले पान नं. ६०३७६७९६२ रहेको कृष्णा कन्सट्रक्सन, गोकर्णेश्वर काठमाण्डौबाट ढलान कार्य सम्पन्न गराई बिजक नं.४५ मिति २०७८।३।२८ बाट रु. ३०,१९,९९९।९९ भुक्तानी दिएकोले भुक्तानी नियमित देखिएन । अत: नियमको व्यवस्था अनुसार उपभोक्ता समिति र निर्माण व्यवसायीलाई कारवाही गरी प्रमाण पेश गर्नु पर्ने रु.	२,९९८,३३९
६९.२	६२	२०७८-३-३०	पालिकाले अत्रौली नदीको कल्भर्ट देखि तीनसुरे सडक स्तरोन्नती गर्न अत्रौली नदीको कल्भर्ट देखि तीनसुरे सडक स्तरोन्नती उपभोक्ता समितिसँग २०७८।३।२४ सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ । उपभोक्ता समितिले उक्त कार्य मुक्तान व्रदर्स कन्सट्रक्शन बाट गराई उक्त निर्माण व्यवसायीको वीजकका आधारमा रु.१९,९७,७२७।०९ भुक्तानी दिएकोले भुक्तानी नियमित देखिएन । अत: नियमको व्यवस्था अनुसार उपभोक्ता समिति र निर्माण व्यवसायीलाई कारवाही गरी प्रमाण पेश गर्नु पर्ने रु.	१,९९७,७२७
६९.३			सडक ढलान कार्यको लागत अनुमान तयार गर्दा पालिकाले सडक तथा पुल निर्माण कार्यको लागि नेपाल सरकारबाट २०७५ मा स्वीकृत गरेको नर्मस अनुसार तयार गर्नु पर्दछ । उक्त नर्मस अनुसार पालिकाले प्रयोग गरेको निर्माण स्थलसम्म पुर्याउदाको निर्माण सामग्रीको दर र जिल्लाको ज्याला दर अनुसार पीसीसी १:१.५:३ को प्रति घनमीटर लागत रु.१००७५।९० मात्र हुनेमा पालिकाले रु. १३०८१।३९ प्रयोग गरेकोले प्रति घनमिटर रु. ३००५।४९ वढी दर कायम गरेको देखियो ।सडक निर्माणको नापी किताव अनुसार जम्मा १८९.५० घनमिटर पीसीसी कार्यको भुक्तानी दिदा रु. ५,६९,५४० वढी भुक्तानी दिएको देखिन्छ ।बढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ रु.	५६९,५५०
७०			**सुरक्षित आप्रवासन कार्यक्रमः** सुरक्षित आप्रवासन परियोजना सामि को लागि स्थानीय निकायमा कार्य सञ्चालन गर्न स्थानीय सेवा प्रदायक संस्था बागमती वेलफेयर सोसाईटी नेपालसँग २०७६।१०।१२ मा परामर्श सेवा लिने गरी सम्झौता गरेको छ । यो वर्ष उक्त सेवा प्रदायकलाई रु. १७,९१,९११ भुक्तानी दिएको छ । सो सम्वन्धमा निम्न व्यहोरा देखियो: (क) सम्झौताको एससीसी ४२.२ मा भुक्तानी दिने रकमको सिलिङ मु.अ.कर समेत रु. १३,८१,९४० हुने उल्लेख छ । सम्झौताको जीसीसी ४२.३ मा उक्त सिलिङ भन्दा वढी हुने गरी भुक्तानी दिनु पर्ने अवस्थामा यसै सम्झौताको व्यवस्था उल्लेख गरी सम्झौता संशोधन गरी दुवै पक्षले हस्ताक्षर गर्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष २०७६।१०।१२ को सम्झौतालाई निरन्तरता दिने गरी २०७७।३।२० मा जानकारी दिएको भए तापनि यो वर्ष उक्त सस्थालाई कामको क्षेत्र तथा कार्यक्षत्रगत शर्त खुलाई उल्लिखित प्रकृया अनुसार सम्झौता सशोधन नभएको र पुरानै शर्त तथा सम्झौता रकम कायम भएको अवस्थामा मुल्य अभिवृद्धकर समेत रू. १७,९१,९११ भुक्तानी दिएको देखियो । सम्झौतामा उल्लेख भए भन्दा वढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ रु. (ख) स्थानीय सेवा प्रदायक बागमती वेलफेयर सोसाईटी नेपालसँग भएको सम्झौताको एससीसी ४६ को मोड अफ विलिङ र पेमेन्ट खण्डमा प्रत्येक ईन्भोईस विलमा पारिश्रमिक र शोधभर्ना हुने खर्च छुट्टा छुट्टै उल्लेख गर्नु पर्ने व्यवस्था छ। सेवा प्रदायकले क्रियाकलाप पुष्टी हुने अभिलेख वेगर छुट्टाछुटै बिलबाट पारिश्रमिक तथा शोधभर्ना हुने रकम दावी गरेकोमा सोही अनुसार भुक्तानी भएको देखियो । सेवा प्रदायकले सम्झौताको शर्त अनुसार पारिश्रमिक र शोधभर्ना हुने खर्च छुट्टा छुट्टै उल्लेख गरी भुक्तानीको लागि एकीकृत विल पेश गरेको छैन । उक्त सस्थाले कर विजक र सम्झौताको सि. नं. ११ वमोजिम प्रगति प्रतिवेदनसमेत पेश गरेको देखिएन । भुक्तानी दिदा सम्झौता अनुसारका प्रतिवेदन समेत प्राप्त गरी सुरक्षित आप्रवासन परियोजना कार्यान्वयन निर्देशिका बमोजिम अभिलेख तथा प्रतिवेदन समेत गर्नु पर्दछ ।	४०९,९७१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td>२७२</td><td>२०७८-३-२८</td><td>नर्सरी स्थापना अनुदान :
कार्यक्रम सञ्चालन निर्देशिकामा स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रममा दर्ता भएको फलफूल नर्सरीलाई मात्र कार्यक्रममा सहभागी गराउन सकिने व्यवस्था छ । पालिकाले धीरगोमा एग्रिकल्चर एण्ड रिसर्च सेन्टर र खड्का नर्सरीलाई अनुदानको लागि छनौट गरी नर्सरी स्थापना कार्यक्रमबाट रु ५,००,००० को दरले रु.१०,००,००० अनुदान दिएको छ । निर्देशिकामा नया स्थापित वा क्षमता वृद्धि गरिएको नर्सरीले वार्षिक १० हजार तथा १५ हजार विरुवा उत्पादन क्षमता भएको हुनु पर्ने उल्लेख छ ।उक्त क्षमता अनुसार विरुवा उत्पादन गरे नगरेको र नर्सरीको हालको अवस्थाको सम्वन्धमा अनुगमन गरेको नदेखिएकोले उक्त नर्सरीको अनुगमन गरी अनुदान उपयोगको सुनिश्चितता गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>पकेट विकास अनुदान :
पालिकाले देहायबमोजिमका २ कृषि सहकारी संस्थालाई साना व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन गर्न रु. ११,००,००० अनुदान दिएको छ।अनुदान सम्वन्धमा निम्न व्यहोरा देखियो:
<table><tr><th>अनुदान पाउने संस्था</th><th>रकम</th></tr><tr><td>छार म्हेन्दो कृषि सहकारी सस्था</td><td>८५००००</td></tr><tr><td>अंकित वहूउद्देश्यीय कृषि तथा पशु पालन फर्म</td><td>२५००००</td></tr><tr><td>जम्मा</td><td>११०००००</td></tr></table>(क) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ को सि.नं. ४.१.४ मा खाध्यान्न बाली सम्वन्धी पकेट विकासको लागि न्युनतम क्षेत्रफल २० हेक्टर हुनु पर्ने, सि.नं. ४.१.९.१ मा स्थानीय तह वा अन्य सरकारी निकायमा दर्ता भएका कृषक समूह, कृषि कार्य गर्ने उद्देश्य सहित दर्ता भएका सहकारीहरु, कानून बमोजिम दर्ता भएका कृषि फर्महरु लाई लक्षित वर्ग मानी त्यस्ता फर्महरु मार्फत कार्यक्रम सञ्चालन गर्नु पर्ने प्रावधान रहेको छ । पालिकाले अनुदान दिएका फर्मको भुक्तानी परीक्षण गर्दा लेखापरीक्षण भएको प्रमाण सम्लग्न रहेको देखिएन । कार्यक्रम कार्यान्वयन म्यानुअलको प्रावधान पूरा नगरेका फर्मलाई मात्र कार्यक्रम सञ्चालनको लागि रकम उपलब्ध गराउनु पर्दछ ।
(ख) म्यानुअलको सि.नं. ४.१.५ मा पकेटमा सघन रुपमा सामूहिक खेती, सहकारी खेती र चक्लावन्दी खेती प्रवर्द्धन हुने गरी बढीमा २ आर्थिक वर्षसम्म पकेट कार्यक्रम सञ्चालन हुने, सि.नं. ४.१.१३ (क) मा स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित कृयाकलापको एकल बा पकेट क्षेत्रका लाभग्राही तथा सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन गर्ने उल्लेख छ ।पालिकाले अनुगमन गरी अनुदान उपयोगको अवस्थाको अनुगमन गरेको छैन ।म्यानुअल अनुसार अनुगमन गरी अनुदान उपयोगको सुनिश्चितता गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७३			**गाई पकेट विकास कार्यक्रम :** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यान्वयन म्यानुअलको सि.नं. ४.१.४ मा गाई पकेटमा तराई क्षेत्रमा उन्नत गाईको सँख्या १०० र वर्णशंकर गाई ३०० हुनु पर्ने उल्लेख छ ।यो वर्ष गाई पकेट विकास कार्यक्रम अन्तरगत ४ सस्थालाई देहायअनुसार रु १८५०००० अनुदान दिएको मा निम्न व्यहोरा देखियो: (तालिका तल) (क) पालिकाले उक्त सँख्या पुरा भए नभएको यकिन नगरी कृषक समूह छनौट गरेको देखिने प्रमाण पेश गरेको छैन। साथै कृषक समूहले खरिद गरेको गाई वीमा गरेको तथा निर्धारित संख्यामा पालन गरी व्यवसायलाई निरन्तरतथा दिएको एकिन गर्न अनुगमन गरेको देखिएन । (ख) सुनौलो विहानी कृषक समूहले ५० वटा वाच्छी ३०००० को दरले खरिद गर्ने प्रस्ताव पेश गरेको आधारमा सस्था छनौट गरेको भए तापनि उक्त सस्थाले ७५ प्रतिशत क्रश दुधालु गाई प्रति एकको रु. ७५००० को दरले १९ बटा मात्र गाई रु.१४,२५,००० र पर्तािटोल प्रगतिशिल पशुपालन समूहले ६२.५ प्रतिशत क्रस उल्लेख गरी ५७५०० को दरले १२ गाई खरिद गरी रु. ६९०००० समेत जम्मा ३१ गाई खरीद गरेको जनाई भिजन वहुउद्वेश्यी कृषि फर्मलाई रु. २१,१५,००० भुक्तानी दिई ५० प्रतिशतले हुने रु. १०,५७,५०० भुक्तानी दिएको देखियो । उक्त फर्मसंग माग गरेको कोटेशनमा ६२.५ प्रतिशत क्रसको दर पेश गरेको नदेखिएको, ३१ गाई विक्री गर्ने क्षमता रहे नरहेको र विक्री गरिएका गाई उल्लिखित प्रतिशत क्रश रहे नरहेको यकिन हुने प्रमाण सँलग्न नरहेकोले उक्त प्रमाण पेश गर्नु पर्दछ रु.	१,०५७,५००
७४			**पटौना खोला तटवन्ध निर्माण कार्य :** जलवायू नमुना कार्यक्रमबाट पटौना खोला तटवन्ध निर्माण कार्यको लागि रु. ३०,००,००० को लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट निर्माण कार्य गराई पटौना खोला तटवन्ध निर्माण उपभोक्ता समितिलाई रु. २९,८८,९०३।५० भुक्तानी दिएको छ । उक्त निर्माण कार्यको लेखापरीक्षणबाट निम्नानुसारका व्यहोरा देखियो:	

सि.नं.	समूहको नाम	भुक्तानी भएको अनुदान
१	सुरभि गाईपालन कृषक समूह	४५००००
२	न्यू कुशवाह पशुपालन फर्म	१५००००
३	पर्तािटोल प्रगतिशिल पशुपालन समूह	४५००००
४	सुनौलो विहानी कृषक समूह	८०००००
	जम्मा	१८५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४.१	२३७	२०७८-३-२५	पालिकाले लागत अनुमात तयार गर्दा डिजाईन अनुसार लाग्ने परिमाण यकिन गरी आवस्यक परिमाण मात्र राख्नु पर्दछ । पालिकाले ३*१*०.५ साईजको ६३ थान ग्याबियन बक्सको ढुँगा भर्ने कार्यसमेतको प्रति घनमिटरको दर हिसाव गरी एकाई मुल्य कायम गरेको र २*१*१ को २०० थान ग्याबियन बक्स लाग्ने गरी परिमाण अनुमान गरेको देखिन्छ । पालिकाले २*१*१ को २०० थान ग्याबियन बक्समा प्रति वक्स २ घनमिटरको हिसावले ४०० घनमिटर ढुङ्गाको परिमाण गणना गर्नु पर्नेमा ६०० घनमिटर परिमाण गणना गरेको कारण पालिकाको दर विश्लेषण अनुसार प्रति घनमिटर (वेस्टेज र प्याकिङ समेत) २६६९.२५ का दरले २०० घनमिटर वढी परिमाण राखी रु. ५,३३,८५० वढी र माटो खन्ने परिमाण जाली सँख्या अनुसार २७३ घनमिटर हुन आउनेमा ३३६ मिटर गणना गरेकोले ६३ घनमिटर वढी परिमाण गणना गरी प्रति घनमिटर ३४६.०८ को दरले हुने रु.२१,८०३ समेत जम्मा रु. ५,५५,६५३ वढीको लागतमा उपभोक्ता समितिसँग सम्झौता गरेको देखियो । उपभोक्ता विल तयार गर्दा २*१*१जालिको परिमाण बृद्धि गरी २३० थान र माटोको परिमाणमा समेत ६१८.७५ (१८४.१५ प्रतिशत) घनमिटर थप गरी ९५४.७५ घनमिटर उल्लेख गरी शुरु लागत वरावरकै रकम भुक्तानी दिएको देखिन्छ । उक्क कार्यको फिल्ड अवलोकन गर्दा हेक्जागोनल मेश भएको जाली र सँगै वर्गाकार जाली समेत मिलाएको देखिन्छ । हेभी कोटेड १० गेजको जालीको स्पेसीफिकेशन उल्लेख गरी परिमाण र दर कायम गरेको छ । तारको टेष्ट रिपोर्ट पेश नभएकोले र फरक फरक किसिमका जाली प्रयोग गरेको देखिएकोले गुणस्तर र परिमाण समेत एकिन हुन नसकेकोले प्राविधिक पुष्ट्याई सहित पालिकाले छानविन गरी यकिन गर्नु पर्ने रु.	२,९८८,९०३
७४.२			पालिकाले मानिस लगाएर माटो खन्ने गरी दर विश्लेषण गरेको देखियो । उपभोक्ता समितिले पेश गरेको विल भरपाई साथ रहेको फोटोमा एक्जाभेटर लगाई कार्य गरेको देखिन्छ । मेशिनबाट काम गराएकोमा पालिकाले गरेको दर विश्लेषण अनुसार प्रति घनमिटर रु. ५१.५० मात्र हुन आउनेमा रु.३४६।०८ को दरले भुक्तानी दिएकोले ९५४.७५ घन मिटर खन्दा वढी भुक्तानी दिएको रु. २,८१,२६९ असुल गर्नु पर्दछ रु.	२८१,२६९
७५			**मकै उत्पादन प्रवर्द्धन:** कार्यक्रम सञ्चालन निर्देशिकामा स्थानीय तहबाट सञ्चालन हुने वाली विकास कार्यक्रम अन्तर्गत मकै उत्पादन प्रवद्धनको लागि तराईमा ५०० हेक्टर भन्दा कम नहुने गरी क्लस्टर छान्नु पर्ने उल्लेख छ ।पालिकाले उपर्युक्त वमोजिम सहकारी तथा समूहले तोकिए बमोजिक क्लस्टर तयार हुने गरी क्षेत्र यकिन हुने जमिन भाडामा लिएको वा सो वरावरको क्षेत्र पुग्ने प्रमाणित हुने लालपूर्जा पेश गरेको देखिएन । पालिकाले उक्त समूहको काम कार्वाहि अनुगमन गरी जग्गा चक्लावन्दी गरी मकै उत्पादन गरेको नगरेको सम्वन्धमा यकिन गरी प्रतिवेदन समेत गरेको देखिएन ।अनुगमन गरी निर्देशिका बमोजिमको क्षेत्र र तरिकाबाट कार्यक्रम सञ्चालन गरेको सुनिश्चित हुने गरी अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ ।	

सि.नं.	समूहको नाम	भुक्तानी भएको अनुदान
१	शुभलक्ष्मी वहुउद्देश्यीय कृषक समूह	११४५६५६
२	नयाँटोल प्रगतिशिल कृषक समूह	२२११९९
३	लालभित्ती सृजनशील कृषि जागरण समूह	६६६८८५
४	शिकारी टोल् कृषक समूह	३१८६२५
५	तीनसुरे कृषक समूह	५९०१६८
	जम्मा	**२९४२५३३**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६			**सामाजिक सुरक्षाः**	
७६.१			**निकासाः** यस गाउँपलिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ११ वटा वडाका लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम चौमासिकमा रु.४६३३५०११, दोस्रो चैमासिकमा रु.४७५३४१२५ र तेस्रो चैमासिकमा रु.४८३२७५६८ गरी तिन चौमासिकको जम्मा रु.१४२१९६७०४ वितरण गर्नको लागि बैंक पठाएको निम्नानुसार पठाएको छः-	

सि.नं.	**बैंकको नाम**	**चामासिक निकासा**			**जम्मा निकासा**
		प्रथम	**दोस्रो**	**तेस्रो**	
१.	एनआईसी एसिया बैंक	११३७७८५३	११५८५९८१	११३२९६२६	३४२९३४६०
२.	कुमारी बैंक	२५४११८०	२६२६१४९	२७५६७७४	७९२४१०३
३.	प्रभु बैंक	५८२२९७५	५९७५८८९	५४६५६४३	१७२६४५०७
४.	मेगा बैंक	८९३९५११	९२१५९६४	१०३१४४८०	२८४६९९५५
५.	ग्लोबल आईएमई बैंक	६६०१०००	६७७३७८३	७७६२६९३	२११३७४७६
६.	नेपाल बैंक	११०५२४९२	११३५६३५९	१०६९८३५२	३३१०७२०३
जम्मा		**४६३३५०११**	**४७५३४१२५**	**४८३२७५६८**	**१४२१९६७०४**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६.२			**फिर्ता:** निकासा रकम रु.१४२१९६७०४.०० वितरणका लागि बैंकमा पठाइएकोमा बैंकले लाभग्राहीको खातामा रु.१२६३६४४८०.०० वितरण गरी वितरण हुन नसकेको बाँकी रकम रु.१५८३२२२४.०० निम्नानुसारको मितिमा को.ले.नि.का. फिर्ता भएको छ । पालिकाले बैंकलाई वितरणको लागि पठाएको रकम बैंकलाई अर्को चौमासिकको रकम प्रदान गर्नुभन्दा पहिले नै फिर्ता लिई वितरण हुन नसकेको रकमको कारण पत्ता लगाई वितरण गर्नु नपर्ने लाभग्राही भए सो को लगतकट्टा गरी अर्को चौमासिकको निकासा दिनु पर्नेमा पालिकाले सो गरेको पाइएन् । फिर्ता हुनु पर्ने रकम एकिन गरी समय मै फिर्ता लिई समय मै दाखिला गर्नु पर्दछ ।	

सि.नं.	बैंकको नाम	जम्मा निकासा	जम्मा वितरण	फिर्ता रकम	फिर्ता मिति
१	NIC ASIA बैंक	३४२९३४६०	३००८१११७	४२१२३४३	०८/०८/२०७८
२	कुमारी बैंक	७९२४१०३	७८४४५२२	७९५८१.३८	रु. ४१५५०.७२ मिति २०७७/९/२८ र रु. ३८०३०.६६ मिति २०७८/७/२८ मा फिर्ता भएको ।
३	प्रभु बैंक	१७२६४५०७	१५४०७१८५	१८५७३२२	रु. ८९११५४ मिति २०७७/१०/२३ र रु. ९६६१६८ मिति २०७८/८/१२ मा फिर्ता भएको ।
४	मेगा बैंक	२८४६९९५५	२५७९५६३२	२६७४३२३	रु. ८५५४२९ मिति २०७८/३/२०, रु. ८८९४६७ मिति २०७८/९/११ र रु. ९२९४२७ मिति २०७८/९/१२ मा फिर्ता भएको ।
५	ग्लोबल बैंक	२११३७४७६	१८४४९८२१	२६८७६५५	रु. ११६७२४२ मिति २०७८/१०/२६र रु. १५२०४१३ लेखापरीक्षणको क्रममा मिति २०७८/११/१६ मा फिर्ता भएको ।
६	नेपाल बैंक	३३१०७२०३	२८७८६२०३	४३२१०००	रु. ४२२१००० मिति २०७८/१०/२६ र रु. १००००० लेखापरीक्षणको क्रममा मिति २०७८/११/१६ मा फिर्ता भएको ।
जम्मा		**१४२१९६७०४**	**१२६३६४४८०**	**१५८३२२२४**	

७६.३			**लगत कट्टाको अभिलेख:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७/७८ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको देखिएन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीले पनि भत्ता पाइराको हो या होइन भनी एकीन गर्न सकिएन । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६.४			**पारदर्शिता:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा नगरपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।	
७७				
७७.१			**नवीकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीहरुको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्राणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीहरुको नविकरण गर्नु तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
७७.२			**अनुगमन तथा निरीक्षण:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन । यस तर्फ पालिकाले क्रियासिल हुनुपर्ने देखिन्छ ।	
७८			**धरौटी:**	
७८.१			धरौटी आयतर्फ गत आर्थिक वर्ष सम्मको जिम्मेवारी सारेको रु.१४०५९७३८.६९ र चालु आर्थिक वर्षको जम्मा रु. १७३०९१८१.९६ समेत जम्मा रु.३१३६८९२०.६५ आम्दानी देखिएकोमा यो वर्ष रु.५५३१३०६ फिर्ता भई रु.२५८३७६१४.६५ मौज्दात बाँकी देखाएको छ । धरौटीको आर्थिक वर्ष अनुसार प्रयोजन रहे नरहेको खुलाई वर्गिकरण नगरेको, धरौटी राख्नेको पुरा विवरण व्यक्तिगत धरौटी खाता तयार नगरेको देखिन्छ । धरौटीको यथार्थ विवरण तयार गरी दिनुपर्ने दायित्व हिसावको अद्यावधिक गरीनु पर्दछ ।	
७८.२			**धरौटी फिर्ता:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा धरौटी फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं. १७ मिति २०७७/१०/२६ बाट रितिक इन्टरप्राइजेज प्रा.लि. लाई आर्थिक वर्ष २०७५/७६ मा ८ थान मोटरसाइकल खरिद बापतको धरौटी फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात वेगर धरौटी फिर्ता दिएकोले विवरण पेश गर्नु पर्ने रु.	५२,०००
७८.३	२४	२०७७-१०-२७	**धरौटी सदरस्याहा गर्नु पर्ने:** पालिकाले बोलपत्र खरिद बापतको राजस्व रकम आन्तरिक राजस्व खातामा जम्मा गर्नु पर्नेमा रु.१००००.०० धरौटी खातामा जम्मा गरेको श्रेस्ताबाट देखिन्छ । यसरी पालिकाको धरौटी खातामा जम्मा भएको आन्तरिक राजस्वको रकम सदरस्याहा गरी राजस्व दाखिला हुनु पर्ने रु.	१०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७९			अनुगमन: गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ती नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।	
८०			अनुगमन तथा सम्परीक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्ष लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गतवर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।	

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरीएको बेरुजू (B)	गत वर्षसम्मको बाँकी बेरुजू(C=A-B)
१५९२०४	४२९१०	११६२९४

यो वर्षको लेखापरीक्षणको क्रममा कार्यालयले नियमित, असुली तथा पेश्की फर्छ्यौट गरेको प्रमाण समेतको आधारमा सम्परीक्षणको लागि अनुरोध गरेको देहायअनुसारका बेरुजू सम्परीक्षण गरिएको छ:-

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त ब्यहोरा	फछ्र्यौटको आधार (रु.हजारमा)				संपरिक्षण
				असुली	प्रमाण	नियमित	पेश्की फछ्र्यौट	
१	२०७६।७७	७८	पेश्की(शम्भुप्रसाद मैनाली)	-	-	-	१३१६०००.	१३१६०००.
२	२०७६।७७	१११	पेश्की(चित्रवहादुर वि.क.)	-	-	-	१६६००००.	१६६००००.
३	२०७६।७७	१११	पेश्की(सत्यनारायण साफी)	-	-	-	३०००००.	३०००००.
४	२०७६।७७	१११	पेश्की(तारा स्याङतान)	-	-	-	६००००.	६००००.
५	२०७६।७७	१११	पेश्की (सत्यनारायण साफी)	-	-	-	२०००००.	२०००००.
६	२०७६।७७	१११	पेश्की(रामवावु चौधरी)	-	-	-	५३७४८०.	५३७४८०.
७	२०७५।७६	२९.६	वढि भुक्तानी	४०००.	-	-	-	४०००.
८	२०७५।७६	३२.५	कर कट्टी दाखिला नगरेको	६०००.	-	-	-	६०००.
९	२०७५।७६	१०१.३	पूर्वनिर्धारित क्षतिपूर्ती असुल नगरेको	५९६००.	-	-	-	५९६००.
१०	२०७५।७६	१२३	पेश्की (जगन्नाथ लामा)	-	-	-	४५००००.	४५००००.
				-	-	-		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय											बेरुजु रकम
				११	२०७५।७६	१२३	पेश्की (नागेन्द्रकुमार साह)				७५००००.	७५००००.		
				१२	२०७५।७६	१२३	पेश्की (चित्रवहादुर वि.क.	-	-	-	२०००००.	२०००००.		
				१३	२०७५।७६	२९.५	दोहोरो भुक्तानी असुल नगरेको	३९०००.	-	-	-	३९०००.		
				१४	२०७५।७६	२९.१	पूर्व निर्धारण नहुदै पदाधिकारी पारीश्रमिक भुक्तानी	-	-	९६७८०००.		९६७८०००.		
				१५	२०७५।७६	२९.३	भुक्तानि दिन वाँकीको अभिलेख वेगर पदाधिकारी पारीश्रमिक भुक्तानी	-	-	७२१३०००.		७२१३०००.		
				१४	२०७५।७६	३१	कार्यविवरण परामर्शदातावाट	-	-	४९६८०५.		४९६८०५.		
				१५	२०७५।७६	३३	विद्युत महसुल ढिला भुक्तानी	-	-	१०३७११.४		१०३७११.४		
				१६	२०७५।७६	४६	सोफै खरिद	-	-	६३७२२१.		६३७२२१.		
				१६	२०७५।७६	४७	विद्यालयलाइ दिर्घकालिन दायित्व पर्ने गरी सम्फौता भुक्तानी	-	-	५००००.		५००००.		
				१७	२०७५।७६	५१	स्वस्थ्य शिविर कार्यक्रम परामर्शदातावाट	-	-	२०००००.		२०००००.		
				१८	२०७५।७६	५२	परिमाण मौज्दात रहने गरी खर्च	-	-	२७१२०.		२७१२०.		
				१९	२०७५।७६	५३	शिर्षक फरक पारी खर्च	-	-	५००००.		५००००.		
				२०	२०७५।७६	५८	प्रगती विवरण वेगर मर्मत पारीश्रमिक भुक्तानी	-	-	६६०००.		६६०००.		
				२१	२०७५।७६	६३	टुक्रा खरिद	-	-	१४११७२६३.		१४११७२६३.		
				२२	२०७५।७६	९४	टुक्रा खरिद	-	-	१८३५९४१.		१८३५९४१.		
				२३	२०७५।७६	७०	शिर्षक फरक पारी खर्च	-	-	६८६४४४.७५		६८६४४४.७५		
				२४	२०७५।७६	७१	गैह्र सरकारी संस्थाको भवन निर्माण	-	-	४१३४३८.		४१३४३८.		
				२५	२०७५।७६	७४.२	अवस्था यकिन नगरी भेरिएसन	-	-	५९४४४१.९४		५९४४४१.९४		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२६	२०७५।७६	८७	निर्माण स्थल यकिन नभएको	-	-	२०००००.		२०००००.
२७	२०७५।७६	९१	शिर्षक फरक पारी खर्च	-	-	७४०२३.		७४०२३.
२८	२०७५।७६	१०५	खर्चको आधार नदेखिएको	-	-	३१००००.		३१००००.
२९	२०७५।७६	११८	टुक्रा गरी खरिद	-	-	५७५०००.		५७५०००.
जम्मा				१०८६००.		३७३२८४०९.०९	१६४२०४४०.	४२९१०४८९.०९

द्रष्ट्रब्यः माथि उल्लेखित पेश्की फछ्र्यौट भएका मध्ये सि.नं.११- नागेन्द्रकुमार साहको रु.७,५०,०००।- पेश्की फछ्र्यौट हुदा रु.४,५०,०००।-, सि.नं.१२- चित्रवहादुर वि.क.को रु.२,००,०००।- पेश्की फछ्र्यौट हुदा र.८५,०००।-, सि.नं.२- चित्रवहादुर वि.क.को रु.१६,६०,०००।- पेश्की फछ्र्यौट हुदा रु.५९,०००।-, गरी कूल रु. ५,९४,०००।-असुल गरी संचितकोष दाखिला गरेको प्रमाण पेश ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८१			**सम्परीक्षणबाट कायम व्यहोरा:** सम्परीक्षणबाट देहायका व्यहोरा कायम भएको छ: आ.व.२०७५।७६,दफा २९.१ मा पदाधिकारीलाई कानुनी आधार विना वजेटमा राखि पारिश्रमिक भुक्तानी भएको रु.९६,७८,०००।– तथा २९.२ मा भुक्तानी वाकीको अभिलेख वेगर गत आ.व.(२०७४।७५) पारिश्रमिक भुक्तानी भएको रु.७२,१३,०००।-वेरुजुको सम्वन्धमा स्थानिय तहका पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा सम्वन्धी कानुन वनी नसक्दै कार्यपालिकाको निर्णयवाट पारिश्रमिक भुक्तानी दिएको र पछिल्लो कानुनलाई आधार मानी विगतको पारीश्रमिक पाउने सुविधाभन्दा वढि नभएको जनाई नगरसभाको मिति २०७८।३।२५ को निर्णयवाट नियमित भई आएको छ। भूत प्रभावित कानुन निर्माण गरी सुविधा प्रदान गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ । आ.व.२०७५।७६, दफा ६३,९४ र ११८ मा क्रमशःरु.१,४१,१७,२६३।-,१८,३८,९४१ र ५,७५,०००।-टुक्रा गरी खरिद सम्वन्धी ब्यहोराका सम्वन्धमा नगरसभाको मिति २०७८।३।२५ को निर्णयवाट नियमित भई आएको छ। सार्वजनिक खरिद नियमावलीमा भएको ब्यवस्था विपरित प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्ने कार्य आगामी दिनमा नियन्त्रण गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।	